# अध्याय एक

# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्यको शीर्षक *प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* रहेको छ । यस उपन्यासका लेखक सुबिन भट्टराई (२०३९) सामाजिक यथार्थवादी धाराका उपन्यासकार हुन् । उनको उपन्यासमा कुनै पनि काल्पनिकता भेटिँदैन । उनले उपन्यासमा जीवनजगत्का असल, खराब, राम्रा, नराम्रा आदि सम्पूर्ण पक्षहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । यसमा भावुकता लेखन र काल्पनिकताको विरोध गर्दै समाजमा भएका घटनाहरूको यथार्थ चित्रण उपन्यासमा गरिएको छ । उनका प्रकाशित उपन्यासहरूमा *कथाकी पात्र* (२०६८), *समर लभ* (२०६९), *साया* (२०७१), *मनसुन* (२०७३) र *प्रिय सुफी* (२०७५) रहेका छन् । उनका साहित्यिक रचनामा समाजमा व्याप्त विकृति, मानवीय जीवनको मूल्यहीनता, युवा वर्गको प्रेमप्रतिको सोचाइ आदिको कुशल संयोजन गरिएको पाइन्छ । नेपाली समाज र त्यसभित्र रहेका सङ्गति र विसङ्गतिलाई सूक्ष्म रूपमा नियाली यसले समाजमा पार्ने प्रभावलाई प्रष्टसँग देखाएका छन् । यस उपन्यासमा विशेष गरी दुईजना युवा पात्रहरूबिचको प्रेम र पारिवारिक घटनाहरूमा आधारित छ । उपन्यासमा विज्ञान र व्यावसायिक क्षेत्रका पदावली र पारिभाषिक शब्दको प्रयोग भएको छ । उपन्यासकारले दुःख परेको समयमा परिवारले मात्र साथ दिने तर अन्य व्यक्तिहरूले सुखमा मात्र साथ दिने कुरा उपन्यासमार्फत प्रस्तुत गरेका छन् । यस उपन्यासमा प्रेम कहानी र पारिवारिक सद्भावको विषयवस्तु समेटेर तयार पारिएको छ ।

कुनै पनि कार्य गतिविधिको ढङ्ग, ढाँचा वा विधिलाई शैली भनिन्छ । शैलीलाई साहित्यशास्त्रमा भाव अभिव्यक्तिको पद्धति, लेखकको अभिव्यञ्जना पद्धति र उसको वैयक्तिक विशिष्टता, व्यक्तिको आचारविचार र व्यवहारको ढङ्ग, ढाँचा, बोलाइ वा कुराकानीको तरिकाजस्ता अर्थमा बुझ्न सकिन्छ । सामान्य अर्थमा शैलीलाई बाह्य गतिविधिको ढङ्ग, ढाँचा वा तरिकाको रूपमा बुझ्न सकिन्छ । शैलीसम्बन्धी चिन्तन प्राचीन ग्रिसेली शैलीशास्त्रहरूमा नै भएको थियो । नवीन अर्थमा शैली भाषाविज्ञानको एक विधा र भाषासम्बन्धी अध्ययन गर्ने शैली हो । भाषावैज्ञानिक अर्थमा यसलाई विविध अभिव्यक्तिका तरिकाहरूको अध्ययन गर्ने शास्त्रका रूपमा चिनाउन सकिन्छ । यसअन्तर्गत भाषिक

विचलन, समानान्तरताको अध्ययनलाई समेट्नुका साथै शोधकार्यलाई विशिष्ट ठोस र उद्देश्यमूलक बनाउनुपर्ने र गहिरो अध्ययन गर्नुपर्ने हुँदा सीमित क्षेत्रलाई मात्र लिइएको छ । तसर्थ *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्न लागिएको हो ।

## समस्याकथन

उपन्यासकार सुबिन भट्टराईद्वारा लिखित *प्रिय सुफी* उपन्यासमा भिन्नभिन्न शैलीको प्रयोग भएको पाइन्छ । भाषागत, पात्रगत र कथागत आधारमा भिन्नभिन्न शैलीको प्रयोग भएको छ । *प्रिय सुफी* उपन्यासमा केकस्ता शैलीवैज्ञानिक प्रयोग गरिएका छन् भन्ने कुरा यस शोधपत्रको मुख्य समस्याका रूपमा रहेको छ ।

## अध्ययनको औचित्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य सुबिन भट्टराईद्वारा रचित *प्रिय सुफी* उपन्यासको अध्ययन गरी त्यसभित्र शोधार्थीले पहिल्याएका नयाँ र नौला तथ्यहरूको उद्‌घाटन गर्नु नै अध्ययनको औचित्य रहेको छ । *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक दृष्टिकोणबाट अध्ययन नभएको साथै यस उपन्यासमा आधारित भएर कुनै पनि शोधपत्र तयार नभएकाले उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययनका रूपमा बढी सान्दर्भिक रहेको छ ।

शोधार्थीलाई सम्बन्धित भाषिक परिवर्तनतर्फ उत्कृष्ट बनाउने नयाँनयाँ तथ्यको उद्‌घाटन गर्ने, त्यसको उपयोग गर्ने, अग्रसर तुल्याउने साथै बौद्धिकताको प्रस्फुटन गर्ने शैलीको विकास गराउनु शोधको उद्देश्य हो । प्रस्तुत शोधले नयाँ पुस्तालाई अध्ययनको निमित्त सहयोग गर्नु, कृति र कृतिकारको विश्लेषणलाई नयाँ पहिचान दिलाउनु, पाठ्यक्रमको आवश्यकता परिपूर्ति गर्नु, शोधार्थीको लेखन क्षमताको विकास गराउनुका साथै यस अध्ययनले नेपाली भाषा र साहित्यको क्षेत्रमा सहयोग गर्ने विश्वास गरिन्छ । यस अध्ययनले नयाँ पुस्तालाई शोधकार्य गर्ने सम्बन्धमा पनि सहयोग गरेको छ ।

## अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत शोध निम्नलिखित अनुसन्धान प्रश्नका उत्तरको खोजीमा केन्द्रित रहेको छ :

क) *प्रिय सुफी* उपन्यासमा शैलीवैज्ञानिक कथागत संरचना केकस्तो रहेको छ ?

(ख) *प्रिय सुफी* उपन्यासमा शैलीवैज्ञानिक पात्रगत संरचना केकस्तो रहेको छ ?

(ग) *प्रिय सुफी* उपन्यासमा शैलीवैज्ञानिक भाषिक संरचना केकस्तो रहेको छ ?

## सीमाङ्कन

कुनै एउटा विषयलाई चयन गरी शोधकार्य गर्न त्यसको सीमा निर्धारण गर्नु आवश्यक हुन्छ । प्रस्तुत उपन्यास *प्रिय सुफी*लाई विभिन्न सिद्धान्त र अवधारणाका आधारमा अध्ययन अनुसन्धान गर्न सकिने भए तापनि शैलीवैज्ञानिक अध्ययन अनुसन्धान गर्नु यस शोधकार्यको सीमा रहेको छ । यसको पात्रगत भाषिक र कथागत संरचनामा जोड दिनु यस शोधकार्यको सीमा हो ।

## पारिभाषिक शब्दावली

शैली : कुनै पनि काम गराइको ढङ्ग, ढाँचा वा तरिका,

शैलीविज्ञान : भाषाको शैलीको व्यवस्थित तरिकाले गरिएको अध्ययन,

चयन : उपयुक्त विकल्पहरूको छनौट गरेर प्रयोग गर्नु,

अग्रभूमि निर्माण : रचनाको कुनै भागलाई विशिष्ट बनाई अर्थ प्रदान गर्नु,

भाषिक विचलन : भाषाको प्रचलित ढाँचालाई उलटपुलट पार्नु ।

## सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्याय अध्ययनको पृष्ठभूमिमा लेखकको सङ्क्षिप्त परिचय, उनका कृतिहरूको विवरण र शैलीको सामान्य परिचय प्रस्तुत गरिएको छ । यसैगरी समस्याकथनअन्तर्गत शोधकार्यमा केकस्ता समस्याहरूको सामना गर्नुपर्ने हुन्छ र त्यसको समाधान केकसरी गर्ने भन्ने बारेमा सङ्क्षिप्त विश्लेषण गरिएको छ भने शोधकार्यको केकस्तो औचित्य र महत्त्व रहने छ भन्ने बारेमा विश्लेषण गरिएको छ । शोधसमस्यालाई कसरी र कुन रूपमा समाधान गर्न सकिन्छ भनेर अनुसन्धानका प्रश्नहरू समावेश गरिएको छ भने यस शोधको सीमाङ्कन केकस्तो रहेको छ भन्ने कुरा उल्लेख गर्दै शोधपत्रमा उल्लेख भएका केही कठिन शब्दावलीलाई परिभाषासहित अन्त्यमा शोधको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ ।

## अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन

यस अध्यायमा शैलीविज्ञानको सैद्धान्तिक अवधारणासम्बन्धी चर्चा गरिएको छ । यसमा शैलीको परिचय, शैलीविज्ञानको परिचय, शैलीविज्ञानको पूर्वीय परम्परा, पाश्चात्य परम्परा, अन्य विद्यासँगको सम्बन्ध, शैलीविश्लेषण प्रक्रिया, भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध आदिका बारेमा चर्चा गरिएको छ । कृतिको विश्लेषण गर्ने आधारका रूपमा भाषिक चयन र अग्रभूमि निर्माण (विचलन र समानान्तरता) को सैद्धान्तिक अवधारणासमेत उल्लेख गरिएको छ, जसमा यिनै अङ्गका आधारमा कृतिको व्याख्या विश्लेषण गरिनुका साथै सैद्धान्तिक अवधारणालाई विस्तृत रूपमा व्याख्या र विश्लेषण गरिएको छ । भाषिक शैली वा शाब्दिक कला प्रयोगका तौरतरिकाहरूको वैज्ञानिक अध्ययन गर्ने विधालाई नै शैलीविज्ञान भनिन्छ । अनुसन्धानका रूपमा शैलीवैज्ञानिक साहित्यका विभिन्न विधा, भाषा वा कृतिमा रहेर शैलीवैज्ञानिक अध्ययन तथा अनुसन्धान कम मात्रामा भएको पाइन्छ । यसै सन्दर्भमा विभिन्न विद्वान्हरूद्वारा अध्ययन गर्न लागिएको विषयसँग सम्बन्धित कृतिहरू तथा पूर्व अनुसन्धानात्मक कार्यहरूका सङ्क्षिप्त निष्कर्षलाई आधार मानी तयार पारिएको छ । “पूर्वकार्यको समीक्षामा शोधसँग सम्बद्ध आफूभन्दा पहिले भएका कार्यहरूको सङ्क्षिप्त रूपमा कालक्रमिक विवरण र समीक्षा प्रस्तुत गर्नुलाई पूर्वकार्यको समीक्षा (सम्बन्धित कार्यको पुनरावलोकन) भनिन्छ” (पौड्याल, २०६९, पृ. ११२) । सम्बन्धित कार्यको पुनरावलोकनलाई निम्नानुसार सैद्धान्तिक र प्रायोगिक पुनरावलोकन गरी दुई वर्गमा विभाजन गरिएको छ :

### सैद्धान्तिक पुनरावलोकन

भाषा विज्ञानका शाखाहरूमध्ये एउटा शाखा शैलीविज्ञान पनि हो । शैलीविज्ञान भाषाका आधारमा साहित्यको अध्ययन गर्ने विज्ञान हो । शैलीविज्ञान अध्ययनको इतिहासलाई हेर्दा उपन्यास विधामा शैलीविज्ञानको अध्ययन धेरैपछि सुरु भएको पाइन्छ । शैलीविज्ञानलाई सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञान गरी दुई भागमा विभाजन गरिएको छ । यस सन्दर्भमा *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । प्रस्तुत शोधको शीर्षकसँग सम्बन्धित यसअघिका विभिन्न पाठ्यपुस्तक, लेख, रचना तथा शोधपत्रको समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

शर्मा (२०५९) द्वारा लिखित *शैलीविज्ञान* पुस्तकमा शैलीको बारेमा चर्चा गरिएको पाइन्छ । शैलीविज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य दिन्छ । शैलीविज्ञानलाई भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखापरेको समालोचनाको प्रकाशविन्दु, कृतिको भाषा र कलालाई शैलीविज्ञानको क्षेत्र, शैलीवैज्ञानिक आलोचनाका तहहरू, आधार सामग्रीको तह, कला माध्यमको तह, भाषिक प्रतीकको तहको विस्तृत चर्चा गरेका छन् । यस पुस्तकको अध्ययनबाट शैलीविज्ञानको सैद्धान्तिक परिभाषा प्रस्तुत गर्न तथा कला प्रतीकको तहको बारेमा व्याख्या र विश्लेषण गर्न सहयोग पुगेको छ ।

ढकाल (२०६८) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञान* भन्ने पुस्तकमा शैलीका बारेमा चर्चा भएको पाइन्छ । उक्त पुस्तकमा शैलीविज्ञानको परिचय, उत्पत्ति, परम्परा र विकासको चर्चा गरिएको पाइन्छ । शैलीवैज्ञानिक आलोचनाका तहहरू, शैलीविज्ञान प्रक्रिया, शैलीविज्ञानको शैक्षणिक उपयोगिता, सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञानको चर्चा गरिएको पाइन्छ । यस पुस्तकबाट शैलीविज्ञानको परिचय तथा शैलीविज्ञानसम्बन्धी अन्य प्रशस्त कुराहरूको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

भण्डारी र अन्य (२०६८) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* भन्ने पुस्तकमा शैलीविज्ञानको बारेमा चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकमा शैलीविज्ञानको परिचय, परम्परागत पद्धति, शैलीविज्ञानको विकास र प्रक्रिया, सामान्य शैलीविज्ञान र साहित्यक शैलीविज्ञान, समालोचनाका तहहरू, शैलीविज्ञानको शैक्षणिक उपयोगिताको बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकको पुनरावलोकनबाट शैलीविज्ञानसम्बन्धी विभिन्न कुराहरूको जानकारी पाइएको छ ।

ढकाल (२०६८) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* भन्ने पुस्तकमा शैलीको बारेमा व्याख्या गरिएको छ । उक्त पुस्तकमा शैलीविज्ञान, सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञानको बारेमा चर्चा गरिएको पाइन्छ । शैलीविज्ञानको परिचय, उत्पत्ति, विकास, विश्लेषण, प्रक्रिया, शैक्षणिक उपयोगिता, शैलीविज्ञानको परम्परागत पद्धति, समालोचनाका तहहरू आदिको बारेमा चर्चा गरिएको पाइन्छ । यस पुस्तकको अध्ययनबाट शैलीविज्ञानको सैद्धान्तिक परिभाषा निर्माण गर्न तथा यसको उपयोगिता र पद्धतिको बारेमा प्रशस्त जानकारी प्राप्त गरिएको छ ।

बन्धु (२०७३) द्वारा लिखित *भाषाविज्ञान* शीर्षकको पुस्तकमा शैलीको बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा शैलीको परिचय, परिभाषा, शैलीविज्ञानको क्षेत्र, इतिहास, साहित्यिक विधाका बनोट र बुनोटको विश्लेषणको चर्चा गरिएको पाइन्छ । चयन, विचलन, अग्रभूमि निर्माण, भाषाशिक्षण र शैलीविज्ञान, सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञान, कला माध्यमको तह, भाषिक प्रतीकको तहजस्ता शीर्षक तथा उपशीर्षकहरूमा शैलीका बारेमा चर्चा गरिएको पाइन्छ । यस पुस्तकको अध्ययनबाट शैलीविज्ञानको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न, भाषिक संरचना तयार गर्न अति उपयोगी बनेको छ ।

## प्रायोगिक पुनरावलोकन

श्रेष्ठ (२०६८) द्वारा *सीताहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधकार्यमा कथानकलाई पूर्वदीप्ति शैलीको माध्यमबाट प्रस्तुत गरिएकाले प्रायः कथाहरू अन्त्यबाट सुरु भएका छन् भने परिवेश चित्रणको हिसाबले कथासङ्ग्रह सबल नै देखिन्छ । सबै कथाहरूमा कथाकारले सहरिया परिवेशलाई समेटेको, कथाहरूमा तत्सम, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक शब्दको प्रशस्त प्रयोग भएको र प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु दुवैको प्रयोग भएको देखिन्छ । कथामा बढी मात्रामा 'म' पात्र आएका छन् । त्यसैले कथाहरूमा तृतीय पुरुष दृष्टिविन्दुभन्दा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग बढी भएको देखिन्छ । उक्त शोधकार्यमा चयन, विचलन र समानान्तरताको पनि सार्थक प्रयोग निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनबाट कथानक, भाषिक संरचना र पात्रविधान निर्माण गर्न सहयोग पुगेको छ ।

कोइराला (२०७०) द्वारा *अर्जुन दृष्टि लघुकथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधमा एकसाथ आठवटा लघुकथाहरू समावेश भएको पाइन्छ । कथाहरूमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दको यथेष्ट प्रयोग भएको छ । नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक शब्दका साथै सङ्केतात्मक र प्रतीकात्मक शब्दहरूको चयन गरिएको छ । उक्त शोधकार्यमा उखान टुक्का तथा विभिन्न संरचनाका वाक्यहरूको चयन गरिएको छ । व्याकरणिक विचलन, कोशीय विचलन, ध्वन्यात्मक विचलन, अर्थतात्त्विक विचलन, प्रयुक्तिगत विचलन गरी कथानकमा विशेष जोड दिइएको पाइन्छ, साथै भाषिक पुनरावृत्तिका माध्यमबाट समानान्तरताको सिर्जना गरिएको छ । भाव र अर्थको पुनरावृत्ति गरी आन्तरिक समानान्तरता तथा ध्वनि, शब्द, वाक्य आदिको पुनरावृत्ति गरी

बाह्य समानान्तरताको प्रयोग गरिएको पाइन्छ । यस शोधको अध्ययनबाट शब्दसम्बन्धी ज्ञान, विचलन र समानान्तरताको बारेमा जानकारी पाउन सकिएको छ ।

सापकोटा (२०७२) द्वारा *प्रेम र मृत्यु कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा नौवटा कथाहरू समावेश भएका छन् । कथालाई वृत्ताकारीय शैलीमा प्रस्तुत गरिएको छ । पात्रहरूलाई अनुकूल र प्रतिकूल पात्रका रूपमा उभ्याइएको, तत्सम शब्द, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग गरिएको, व्याकरणसम्मत रूपमा लेख्य चिह्नको प्रयोग भएको पाइन्छ । नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक शब्दहरूको चयन गरिएको छ । व्याकरणीक विचलन, कोशीय विचलन, ध्वन्यात्मक विचलन, अर्थतात्त्विक विचलन, गरी कथानकमा विशेष जोड दिइएको छ साथै आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग भएको पाइन्छ । यस शोधको अध्ययनबाट विभिन्न शब्द, विचलन, समानान्तरता र पात्रगत संरचनाको बारेमा जानकारी प्राप्त गर्न सहयोग पुगेको छ ।

नेपाली (२०७४) द्वारा *बन्धनबाट मुक्ति कथाको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त कथामा प्रयुक्त कथानकका आधारमा कथाको विश्लेषण, पात्रहरूको चरित्रचित्रण तथा भाषिक विश्लेषण गर्नु यस शोधपत्रको उद्देश्य रहेको पाइन्छ । उक्त शोधकार्यलाई व्यवस्थित, वस्तुपरक र वैज्ञानिक ढङ्गले अगाडि बढाई अपेक्षित उद्देश्य हासिल गरिएको छ । उक्त शोधकार्यमा भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको समुचित प्रयोग भएको पाइन्छ । नाम, सर्वनाम, विशेषण, नामयोगी, क्रियापद, क्रियाविशेषण तथा निपातको प्रयोगले भाषा सशक्त बन्न पुगेको देखिन्छ भने विभिन्न लेख्य चिह्नहरूको समुचित प्रयोग भएको पाइन्छ । यस शोधकार्यको पुनरावलोकनले कथानक, पात्रविधान र भाषिक संरचनाको बारेमा प्रशस्त जानकारी पाउनुका साथै शब्दप्रयोग तथा चिह्न प्रयोगको बारेमा पनि जानकारी प्राप्त गर्न सहयोगी बनेको छ ।

पौडेल (२०७४) द्वारा *नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा *नरेन्द्र दाइ* उपन्यासमा उपन्यासको कथानक संरचना आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास, उपसंहार गरी लेखिएको छ । यस उपन्यासमा शब्द चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, तत्सम, तद्भव, आगन्तुक, झर्रा, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपातजस्ता शब्दहरूको प्रयोग गरिएको

पाइन्छ । विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत, प्रयुक्तिगत, लेख्य प्रक्रियात्मक विचलनको प्रयोग भएको पाइन्छ । बिम्ब र प्रतीकको पनि कुशल संयोजन गरिएको पाइन्छ भने समानान्तरतालाई आन्तरिक र बाह्य गरी दुबैको प्रयोग गरिएको छ । यस शोधको अध्ययनबाट प्रस्तुत शोधकार्यको सैद्धान्तिक प्रारूप तयार गर्न तथा कथानक, चयन, विचलन, समानान्तरताको बारेमा प्रशस्त मात्रामा जानकारी प्राप्त गरिएको छ ।

रस्तेल (२०७५) द्वारा *निर्वाण उपन्यासको शैलीवज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा उल्लेख भएको उद्देश्यअनुसार शैलीवैज्ञानिक विभिन्न कोणबाट उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासको कथानक आदि, मध्य र अन्त्यमा सिलसिला मिलेर आध्यात्मिक विषयवस्तुलाई समेटिएको छ । उपन्यासमा तीसभन्दा बढी पात्रको प्रयोग गरिएको छ । शब्द चयनमा तत्सम, तद्भव, झर्रा, अनुकरणात्मक र आगन्तुक शब्दको चयन भएको छ । अल्पविराम, पूर्णविराम, कोष्ठक, योजक आदि विभिन्न लेख्य चिह्नको प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ । सरल वाक्यको अत्यधिक प्रयोग, ध्वनि प्रक्रियात्मक, प्रयुक्ति विचलनजस्ता विचलनहरूको प्रयोग गरिएको र प्रशस्त मात्रामा आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग भएको पाइन्छ । यस शोधकार्यको अध्ययनबाट कथानक संरचना, पात्रविधान र भाषिक संरचनाको बारेमा सैद्धान्तिक तथा प्रायोगिक जानकारी प्राप्त गर्न सकिएको छ ।

शर्मा (२०७७) द्वारा *मैदारो उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधकार्यमा कथानकलाई पाँच भागमा विभाजन गरिएको, बीसभन्दा बढी पात्रको प्रयोग गरिएको र शोधकार्यलाई व्यवस्थित वस्तुपरक र वैज्ञानिक ढङ्गले अगाडि बढाई अपेक्षित उद्देश्य हासिल गरिएको निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधकार्यमा भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग भएको पाइन्छ । नाम, सर्वनाम, विशेषण, नामयोगी, क्रियापद, क्रियाविशेषण तथा निपातको पनि समुचित प्रयोग गरिएको छ । विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत, प्रयुक्तिगत, लेख्य प्रक्रियात्मक विचलनको प्रयोग भएको पाइन्छ । अल्पविराम, प्रश्नवाचक, पूर्णविराम, कोष्ठक, योजक आदि चिह्नको यथोचित र व्याकरणसम्मत रूपमा प्रयोग भएको पाइन्छ । प्रस्तुत पूर्वकार्य यस शोधकार्यको शीर्षकसँग सम्बन्धित रहेकाले सैद्धान्तिक प्रारूप तयार गर्न अत्यन्त उपयोगी बनेको छ ।

सुनार (२०७७) द्वारा *फेब्रुअरी १४ उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधको निष्कर्षमा उपन्यासमा कथानक क्रमिक रूपमा अगाडि बढेको, भाषिक शब्दचयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दको प्रयोग भएको, नाम, सर्वनाम, विशेषण, निपातको समुचित प्रयोग, लेख्य चिह्नहरूको व्याकरणसम्मत रूपमा प्रयोग भएको, समानान्तरताअर्न्तगत आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग भएको तथा विभिन्न प्रकारका विचलनको प्रयोग भएको उल्लेख गरिएको पाइन्छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट पूर्वकार्यको समीक्षा गर्न, शोधको अध्ययन विधि तथा सामग्री सङ्कलन गर्न तथा सैद्धान्तिक प्रारूप तयार गर्न निकै उपयोगी बनेको छ ।

सुवेदी (२०७७) द्वारा *प्रेमदासको डायरी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त उपन्यासको संरचना पूर्वदीप्ति शैलीमा रहेको, कथानक संरचनालाई पाँच भागमा विभाजन गरिएको, नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, निपात आदिको प्रयोग भएको, तत्सम, तद्भव, आगन्तुक, झर्राजस्ता शब्दहरूको पनि समुचित प्रयोग गरिएको, चयन, विचलन र समानान्तरताको सार्थक प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको पुनरावलोकनले कथानक, भाषिक संरचना, शब्द प्रयोग, चयन, विचलन र समानान्तरताको जानकारी लिन अति नै सहयोगी साबित भएको छ ।

शर्मा (२०७७) द्वारा *खलङ्गामा हमला उपन्यासको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । उक्त शोधकार्य पूर्वदीप्ति शैलीमा लेखिएको छ । उक्त उपन्यासमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरी भाषामा मिठास थपिएको, विभिन्न शब्दहरूको यथोचित प्रयोग गरिएको छ, लेख्य चिह्नहरूको व्याकरणिक हिसाबले प्रयोग गरिएको तथा आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग गरी भाषालाई सशक्त बनाइएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको पुनरावलोकनबाट शोधको सामग्री पहिचान गर्न, भाषिक संरचना तयार गर्न सहयोगी बनेको छ ।

यसरी शैलीविज्ञानसँग सम्बन्धित भएर गरिएका विभिन्न अध्ययन अनुसन्धान प्रयोजन, विषयक्षेत्र आआफ्नो रहेको देखिन्छ । प्रस्तुत शोधकार्यमा *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । विभिन्न समयमा गरिएका विभिन्न कृतिहरूको शैलीवैज्ञानिक अध्ययन, कथानक विश्लेषणलाई प्रमुख आधार बनाइएको पाइन्छ । पात्रको

वर्गीकरण, शैलीवैज्ञानिक आधारमा लिङ्ग, कार्य, प्रवृति, स्वभावजस्ता आधारहरूलाई आत्मसात् गरेको पाइन्छ भने कसैले अन्य आधारका रूपमा पात्रलाई शैक्षिक दृष्टिले शिक्षित र अशिक्षित, परिवेशका आधारमा ग्रामीण र सहरिया आदि विभिन्न आधारलाई आत्मसात् गरेको पाइन्छ । अध्ययनका क्रममा विभिन्न प्रकारका समस्याहरू सिर्जना भई अनेकौं कमी तथा कमजोरीहरू आउने हुनाले यस्ता कमीकमजोरीहरूलाई हटाई शोधलाई उपयुक्त, सही र सत्य बनाउनका लागि यी पूर्वकार्यको पुनरावलोकन आवश्यक रहेको देखिन्छ ।

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

कुनै शोधपत्र तयार पार्दा र अनुसन्धान कार्यमा संलग्न हुँदा त्यस कार्यलाई सफल तुल्याउन त्यसअघि गरिएका प्रमुख कार्यहरूको अध्ययन विश्लेषणबाट आफ्नो शोधकार्यलाई अघि बढाउने प्रेरणा प्राप्त हुन्छ । यस्ता पूर्वकार्यहरू शोधको आधार बन्दछन् । पूर्वकार्यको अवलोकनले शोधार्थीलाई शोधपत्र निर्माणका क्रममा आउने समस्याको विश्लेषण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पार्न, पुनरावृत्तिका समस्याहरूलाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एवम् उपयुक्त र आधुनिक प्रविधि अपनाउन, आइपर्ने समस्याको कारण पत्ता लगाउन र शोधको आवश्यकता बोध गराउनेजस्ता कुरामा फाइदा पुग्ने हुनाले पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई सहयोग पुऱ्याउँछ ।


## शैलीविज्ञानको सैद्धान्तिक अवधारणा

आधुनिक शैलीविज्ञान परम्परागत पूर्वीय र पाश्चात्य साहित्यशास्त्रको योगदानबाट जन्मेको नभई वर्णनात्मक भाषाविज्ञानको जन्म भएपछि त्यसैको प्रेरणा र प्रभाव स्वरूप जन्मेको नवीन सिद्धान्त र पद्धति मानिन्छ । "वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रवर्तक सस्युर र उनका शिष्य चार्ल्स वालीका कार्यबाट वर्तमान युगमा शैलीविज्ञानको प्रमुख धारा सुरु हुन्छ । स्विस विद्वान् फर्डिनान्ड डी सस्युरको *कोर्स डी लिङ्ग्विस्टिक जेनेऱ्याल* (सन् १९१५) प्रकाशित भएपछि आधुनिक भाषाविज्ञान अर्थात् वर्णनात्मक भाषाविज्ञानको जन्म भयो" (भण्डारी र अन्य, २०६८, पृ. ३१) भनी आधुनिक शैलीविज्ञानको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । यसैले त्यसैको प्रभाव र परिणाम स्वरूप आधुनिक शैलीविज्ञानले जन्म लिएको मानिन्छ । "शैलीविज्ञान शैलीमात्र वा शैलीको व्यापक रूपको अध्ययन हो र यसअन्तर्गत लोकव्यवहार, शास्त्र र साहित्य सबैमा व्यावहारिक, प्रायोगिक र भाषाविज्ञान

समावेश भएको हुन्छ" (ढकाल, २०६८, पृ. १३९) । भाषाको फाँटभित्र पर्ने सबै अभिव्यञ्जना साधनहरूलाई उनीहरूले यसको अध्ययन विषय तुल्याएका छन् ।

शैलीविज्ञानको समालोचनात्मक प्रकृति कृतिको बाह्यबाट गहनतामा प्रवेश गर्ने रहेको छ । यसले साहित्यलाई भाषिक कला मान्दछ । प्रत्येक रचना अभिव्यक्ति र कथ्यको संश्लिष्ट रूप हुने भएकाले शैलीविज्ञानले अभिव्यक्ति वा रूपात्मक संरचनाको विश्लेषण गरी त्यसमा अन्तर्निहित सौन्दर्यको उद्‌घाटनका साथै मर्म बोध गराउने अनि सन्देशलाई पक्रेर सो रचना प्रतिफलित हुने प्रयोजनलाई समेत सिद्ध गर्ने प्रयास गर्दछ ।

"शैलीवज्ञानले कृतिको अर्मूत आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य दिन्छ । मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने र प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारसँग कसरी बसाउने भन्ने कुरो शैलीविज्ञानले बताउँछ" (शर्मा, २०५९, पृ. ५) । यसै कुरालाई निम्नलिखित तालिकाद्वारा पनि व्यक्त गर्न सकिन्छ :




चित्र सङ्ख्या १, *कृतिको आकार*

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने शैलीविज्ञान साहित्यलाई हेर्ने एउटा दृष्टि हो । यसले भाषाविज्ञानमा उपलब्ध उपकरणका मद्दतले कृतिका शैलीको विश्लेषण गर्छ । मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने र प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारसँग कसरी बनाउने भन्ने बताउँदछ, यसर्थ शैलीविज्ञान कृतिको सौन्दर्य पक्षसँग निकट देखिए पनि यसको प्रवृत्ति र दृष्टिकोण भाषावैज्ञानिक छ ।

## शैलीको परिचय

सामान्य अर्थमा शैली भनेको ढङ्ग, ढाँचा, रीति वा तरिका भन्ने हुन्छ । कुनै काम गर्ने विचार व्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिकालाई नै शैली भनिन्छ । "संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको व्युत्पादन भएको हो । यही 'शील' शब्दमा 'ई' प्रत्यय लागेर 'शैली' शब्द निर्माण भएको हो । अङग्रेजीको 'स्टाइल' शब्दको नेपाली

रूपान्तरण नै 'शैली' हो "भण्डारी र अन्य, २०६८, पृ. २४) । शैलीलाई साहित्यशास्त्रमा भाव अभिव्यक्तिको पद्धति, लेखकको अभिव्यञ्जना पद्धति र उसको वैयक्तिक विशिष्टता, आचार, विचार, व्यवहारको ढङ्ग, ढाँचा बोलाई वा कुराकानीको तरिकाजस्ता अर्थमा बुझ्न सकिन्छ । शैलीसम्बन्धी चिन्तन प्राचिन ग्रिसेली शैलीशास्त्रहरूमा भएको पाइए तापनि समयसँगै विकसित भएको शैलीसम्बन्धी आधुनिक मान्यता न त ग्रिसेली शैलीशास्त्रले, न त पूर्वीय साहित्यशास्त्रले निर्दिष्ट गरेको हो । यो शैली भाषाविज्ञानको जगमा अडेको शैली हो । "सामान्य अर्थमा यसलाई बाह्य गतिविधिको ढङ्ग, ढाँचा वा तरिकाको रूपमा बुझ्न सकिन्छ । भाषिक अर्थमा अभिव्यक्तिका तरिकाहरूको अध्ययन गर्ने शास्त्रका रूपमा लिन सकिन्छ । सर्वप्रथम शैलीको प्रयोग पश्चिममा भएको पाइए तापनि यो शैली र पूर्वमा प्रयोग भएको शैलीमा भिन्नता रहेको पाइन्छ" (भण्डारी र अन्य, २०६८, पृ. २५) । यस भनाइलाई हेर्दा शैलीले भाषिक अभिव्यक्तिको अध्ययन गर्नुका साथै यसका विभिन्न प्रकारहरू हुन्छन् भनी बुझ्न सकिन्छ ।

शैलीको बारेमा पूर्वीय काव्यशास्त्रीहरूले काव्य प्रयोजनको क्रममा शैलीको बयान गरेका छन् । शर्मा (२०५९) ले शैलीको बारेमा आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> पूर्वीय काव्यशास्त्रीहरूले साहित्यमा शैलीलाई प्रशस्त महत्त्व दिइएको पाइन्छ । वर्तमान सन्दर्भमा शैली साहित्यिक समालोचनाको पारिभाषिक शब्द बनेको छ । शैली त्यसलाई भनिन्छ, जसको सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्न सक्छ । शैली सबभन्दा बढी भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्चय हो । शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो । शैली वास्तवमा यी तीनवटै पक्षहरूको एकीकृत रूप हो । (पृ. ३०)

यस भनाइलाई हेर्दा पूर्वीय विद्वान्हरूले शैलीलाई भाषाको एक महत्त्वपूर्ण विधाको रूपमा मानेको देखिन्छ । शैलीले कुनै पनि कृतिको साहित्यिक समालोचना, भाषिक संरचना र भाषिक एकाइ हो भन्न सकिन्छ । साथै अभिव्यक्तिको विश्लेषण गर्दा भाषापरक दृष्टिले हेर्ने भएकाले शैलीविज्ञानको प्रवृत्ति नै कलापरक, भाषावादी, वस्तुवादी तथा सौन्दर्यवादी रहेको हुन्छ भन्न सकिन्छ ।

**शैलीविज्ञानको परिभाषा**

विषयवस्तुको भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धतिलाई शैली भनिन्छ । त्यही शैलीको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विधा शैलीविज्ञान हो । शैलीविज्ञानलाई परिभाषित गर्ने क्रममा पूर्वीय एवम् पाश्चात्य विद्वान्हरूले आआफ्नो मत प्रस्तुत गरेको पाइन्छ ।

शैलीविज्ञानको बारेमा आफ्नो धारणा प्रस्तुत गर्ने क्रममा "विषयवस्तु अनुकूलको भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धतिलाई शैली भनिन्छ । शैलीको वैज्ञानिक अध्ययन गर्ने अनुशासनको नाम शैलीविज्ञान हो । भाषाका आधारमा यस लेखले तथ्यपरकतालाई जोड दिन्छ । यसले भाषामा विद्यमान रहेको शैलीतत्त्वको व्यवस्थित विश्लेषण गर्छ (ढकाल, २०६८, पृ. १३९) भनेका छन् । यसैगरी "भाषावैज्ञानिक दृष्टिकोणबाट साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्ने प्रायोगिक विज्ञानको एउटा शाखा शैलीविज्ञान हो । शैली भनेको ढङ्ग तौरतरिका वा रीति हो (भुसाल, २०७४, पृ. २०) । यी दुई भनाइलाई दृष्टिगत गर्दा सामान्य अर्थमा शैलीलाई कुनै पनि कृतिको बाह्य गतिविधिको ढङ्ग, ढाँचा वा तरिकाका रूपमा बुझ्न सकिन्छ भने भाषिक अर्थमा अभिव्यक्तिका तरिकाका रूपमा बुझ्न सकिन्छ । भाषावैज्ञानिक अर्थमा यसलाई विविध अभिव्यक्तिका तरिकाहरूको अध्ययन गर्ने शास्त्रका रूपमा चिनाउन सकिन्छ । प्रायोगिक भाषा विज्ञानको एक शाखाका रूपमा परिचित भएको शैलीविज्ञान भाषा प्रयोगको तरिका तथा भाषाको शैली पक्षको विश्लेषणमा भाषा वैज्ञानिक मान्यता उपयोग गर्ने कुरामा केन्द्रित भएको हुन्छ ।

समग्रमा भन्नुपर्दा शैलीविज्ञान कुनै पनि साहित्यिक रचनाको भाषावैज्ञानिक पद्धतिबाट गरिएको विशिष्ट र सूक्ष्म विश्लेषणमा आधारित अध्ययन हो, जुन वस्तुपरकता तथा कृति केन्द्रियतामा आश्रित हुन्छ । हरेक लेखनको शैलीको निर्माण भाषाले गर्छ भन्ने मान्यता राख्ने शैलीविज्ञानले साहित्यको आन्तरिक नभई बाह्य पक्षको अध्ययन भाषाविज्ञानको आधारमा गर्दछ । साहित्यको रूप पक्षलाई जोड दिने शैलीविज्ञानले साहित्यको भाषिक शैलीको मात्र अध्ययन गर्दछ । शैलीविज्ञानको परम्परागत पद्धतिलाई पूर्वीय परम्परा र पश्चिमी परम्परा गरी निम्नानुसार विश्लेषण गरिएको छ :

**शैलीविज्ञानको पूर्वीय परम्परा :** भाषाका आधारमा साहित्यको अध्ययन गर्ने पुरानो परम्परा हो । साहित्यिक अध्ययनको पूर्वीय परम्परा *ऋग्वेद*को समयदेखि नै रहेको

देखिन्छ । शैलीविज्ञानको पूर्वीय परम्परालाई प्रष्ट पार्दै भण्डारी र अन्य (२०६८) ले आफ्नो भनाइलाई निम्नानुसार प्रस्तुत गरेका छन् :

> पूर्वीय अध्ययन परम्पराको सर्वप्राचीन ग्रन्थ *ऋग्वेद*मा रचनाकार, हृदय र कृतिको संरचना तीनवटै पक्षलाई प्रमुख मानेर शैलीको चर्चा गरिएको पाइन्छ । व्याकरणसम्बन्धी पृष्ठभूमि बलियो भएको कारणले पूर्वीय अध्ययन परम्परा अलि बढी भाषातात्विक र व्यवस्थित रहेको कुरा विद्वानहरूले उल्लेख गरेका छन् । भरतमुनिको *नाट्यशास्त्र*देखि पाणिनिको *अष्टाध्यायी*जस्ता विशिष्ट कृतिहरूमा शैलीलाई विभिन्न र विशिष्ट अर्थमा प्रयोग गरिएको छ । भरतमुनिको *नाट्यशास्त्र*मा शैलीलाई 'वृत्ति' का रूपमा प्रयोग गरिएको छ भने उनीपछिका आचार्य विद्वान्हरूले पनि भिन्नभिन्न रूपमा शैलीलाई प्रयोग गरेका छन् । (पृ. २८)

यस भनाइलाई हेर्दा शैलीको प्रयोग *ऋग्वेद*को समयदेखि भएको र यसका प्रवर्तकहरू भरतमुनि र पाणिनिजस्ता विद्वान्हरू रहेको देखिन्छ । उनीहरूका कृतिहरूमा पनि शैलीलाई विभिन्न र विशिष्ट अर्थमा प्रयोग भएको कुरा उल्लेख गरेको देखिन्छ । यसर्थ शैलीलाई विभिन्न अर्थ र सन्दर्भमा चिनाउने क्रममा पूर्वमा शब्दशक्तिको पनि चर्चा भएको पाइन्छ । "यसै क्रममा ध्वनिवादी चिन्तक आनन्दवर्धनले ध्वनिवादको प्रवर्तन गरी ध्वन्यात्मक आधारमा काव्यलाई उत्तम, मध्यम र आलाम गरी तीन वर्गमा वर्गीकरण गरेको देखिन्छ" (भण्डारी र अन्य, २०६८, पृ. २८) । यस भनाइलाई हेर्दा अलङ्कारवादी चिन्तनले शब्दालङ्कार र अर्थलङ्कारका माध्यमबाट विभिन्न किसिमका उक्ति उद्घाटन गरेको देखिन्छ । यसैगरी भण्डारी र अन्य (२०६८) ले पनि शैलीविज्ञानको पूर्वीय परम्परालाई निम्नानुसार परिभाषित गरेका छन् :

> "वक्रोक्तिवादी चिन्तनमा आचार्य कुन्तकले 'वैदग्ध्य भङ्गिभणिति' भन्दै चमत्कारपूर्ण कृतिको कथन वा उक्तिको चर्चा गरेका छन् । औचित्यवादी चिन्तक क्षेमेन्द्रले *औचित्य विचार चर्चा*मा उल्लेख गरेअनुसार काव्यलाई काव्य लक्षणहरूसम्बन्धी सबै विशेषताहरूले युक्त बन्न त्यसमा आवश्यक प्रसाद, ओज आदि गुणहरूको स्थिति तथा छन्दको उपयुक्तता आदि सारा कुराहरू तब मात्र सम्भव हुन्छन्, जब क्रियापदको औचित्यपूर्ण प्रयोग

> हुन्छ । शैलीकै पक्षपोषणका निम्ति संस्कृत साहित्यशास्त्रमा चर्चित छन्दको इतिहास पनि विशिष्ट अध्ययननीय बनेको छ । (पृ. २९) भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

यस भनाइलाई हेर्दा शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रहेका सबै पूर्वीय सिद्धान्तगत अवधारणाहरू मूलतः व्यक्तिगत रचनाका सन्दर्भमा विकसित भएका अवधारणा हुन् । "विशुद्ध साहित्यशास्त्रका क्षेत्रमा पूर्वीय जगत्को प्रतिनिधि मानिने साहित्यशास्त्रका प्रथम आचार्य भामहले उनको कृति *काव्यालङ्कार*मा प्रथमतः सामान्य भाषा र काव्यभाषाका बीचमा अन्तर स्पष्ट पार्दै काव्यभाषामा वक्तालाई स्थान दिएका छन् । (भुसाल र आचार्य, २०७४, पृ. २३) । यसकै आधारमा उनले दुई शब्दालङ्कार, छत्तीस अर्थालङ्कार, तीन गुण र अठ्ठाइस दोषहरूको विवेचना प्रस्तुत गरेका छन् ।

शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रहेका सबै पूर्वीय सिद्धान्तगत अवधारणाहरू मूलतः व्यक्तिगत रचनाका सन्दर्भमा विकसित भएका अवधारणा हुन् । भाषासँग सम्बन्धित चिन्तन पहिलेदेखि हुन थालेकाले आधुनिक शैलीवैज्ञानिक चिन्तनमा पूर्वीय साहित्यशास्त्रीय अध्ययन परम्पराको पनि पृष्ठभूमि र प्रभाव रहेको बुझ्न सकिन्छ । काव्यमा भाषा तथा शिल्प दुवैको संयोजन रहने भएकाले संस्कृत काव्यशास्त्रले शैलीवैज्ञानिक अध्ययनमा थप भूमिका निभाएको देखिन्छ ।

**शैलीविज्ञानको पाश्चात्य परम्परा :** पश्चिममा शैलीका बारेमा सामान्य चर्चा अरस्तुपूर्व नै भएको पाइए तापनि यसको खास चर्चा भने सर्वप्रथम अरस्तुले नै गरेका हुन् । भाषिक दृष्टिले ग्रीक, ल्याटिन र युरोपेली परम्पराबाट साहित्यलाई हेर्ने दृष्टिकोण पश्चिममा व्यापक रहेको देखिन्छ । पश्चिममा प्राचीन ग्रिस तथा रोमका काव्यवेत्ताहरूले पनि रीति, शैली र अलङ्कारको विवेचना गरेका छन् । शैलीवैज्ञानिकको पाश्चात्य परम्पराका बारेमा भण्डारी र अन्य (२०६८) भनेका छन् :

> अरस्तु र सिसेरोको समयदेखि नै अलङ्कारशास्त्र एउटा अङ्गका रूपमा सीमित रहिआएको शैलीको अध्ययन परम्परा भावात्मक एवम् मूल्यपरक चिन्तनधारामै केन्द्रित थियो । अलङ्कार, शब्दचयन र शब्द संयोजनका

> दृष्टिले साहित्यको विश्लेषण गर्ने प्रचलन प्राचीन ग्रीकबाटै सुरु भएको पाइन्छ । डाएनोसीयसले वार्णिक सङ्गीतात्मकता शैलीको अन्वेषण गर्नुका साथै शब्द संयोजनसम्बन्धी अनुसन्धान गरेर शैलीलाई भाषा विश्लेषणका रूपमा लिन खोजेको देखिन्छ । डायनोसीयसपछि डेभित्रियसद्वारा *अन स्टाइल* पुस्तकमा शब्द प्रयोग, शब्द विन्यास, विषयवस्तुसम्बन्धी कुरालाई भाषा विश्लेषणका माध्यमद्वारा विवेचना गरिएको पाइन्छ । स्विस भाषाविद् फर्डिनान्ड डी सस्युरले सन् १९०६ देखि १९११ का बिचमा भाषासम्बन्धी महत्त्वपूर्ण व्याख्यान प्रस्तुत गरेका थिए । उनले त्यस व्याख्यानलाई उनका विद्यार्थी चार्ल्स बाली र सेचेहायले सन् १९१६ मा *द कोर्स इन जेनेरे ल लिङ्ग्विस्टिक* भन्ने पुस्तकको रूपमा प्रकाशित गरे, यस पुस्तकले भाषाविज्ञानका क्षेत्रमा नयाँ मोड ल्याएको पाइन्छ । (पृपृ. ३०-३१)

यस भनाइलाई हेर्दा बिसौँ शताब्दीको प्रारम्भदेखि आधुनिक भाषा विज्ञानको विकास र बिस्तारले साहित्यको भाषालाई समेत आफ्नो क्षेत्रभित्र समेटी साहित्यको भाषापरक अध्ययन प्रक्रिया प्रारम्भ भएको र त्यसबाटै शैलीवैज्ञानिक अध्ययनमा वस्तुपरकताको आधार निर्माण भएको देखिन्छ ।

**भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध**

मातृभाषी वा विमातृभाषी सिकारुहरूलाई भाषा सिकाउँदा ध्यान दिनुपर्ने कुरा, सिकाइलाई सरल र सहज बनाउने उपायहरू तथा कसरी भाषिक वातावरण सिर्जना गरी भाषा सिकाउने र उचित पृष्ठपोषण दिने भन्ने सम्बन्धमा केन्द्रित विषय नै भाषाशिक्षण हो । शैलीविज्ञान साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण पक्षसँग सम्बन्धित विज्ञान हो । यसले भाव वा विचार प्रस्तुत गर्ने तरिका वा ढाँचाको अध्ययन र विश्लेषण गर्दछ । त्यसैले यसको प्रत्यक्ष प्रभाव भाषाशिक्षणमा पनि पर्दछ । यस भनाइलाई भण्डारी र अन्य (२०६८) ले आफ्नो पुस्तकमा निम्नानुसार प्रस्तुत गरेका छन् :

> भाषा शिक्षणका सन्दर्भमा शैलीविज्ञानले मूलतः अभिव्यक्तिगत शैलीको अध्ययन गर्न सहयोग पुऱ्याएको हुन्छ । साहित्यमा प्रयोग हुने भाषाको उत्कृष्टता तथा भाषिक सौन्दर्यका घटकहरूको पहिचान गर्न समेत शैलीवैज्ञानिकबाट उपयुक्त सहयोग पुगेको हुन्छ । त्यसैगरी व्यञ्जित शैलीको आँकलन गरी भाषासँग खेलेर अर्थग्रहण

गर्नसक्ने बनाउन शैलीविज्ञान विशेष उपयोगी सिद्ध हुन्छ । आफैंले पढ्ने, बुझ्ने र बुझाउन सक्ने दृष्टिकोणको विकास गर्न पनि शैलीविज्ञान उत्तिकै उपयोगी हुन्छ । (पृपृ. ४४-४५) ।

यस भनाइलाई हेर्दा भाषा शिक्षणका क्रममा शैलीविज्ञानले साहित्यिक पाठ बोध गर्न, भाषिक सौन्दर्यका घटकहरूको पहिचान गर्न र अभिव्यक्ति क्षमता विकास गर्न प्रयोग हुन्छ भनी बुझ्न सकिन्छ । यसैगरी "शैलीविज्ञानले भाषाको अभिव्यक्तिसम्बन्धी विशिष्टताको अध्ययन गर्छ । यस किसिमको अध्ययनबाट भाषा शिक्षणको आधारभूत पक्षमा मद्दत प्राप्त नभए पनि भाषाको विशिष्ट पक्षको शिक्षणमा सहयोग हुन सक्ने देखिन्छ । बोध, अभिधा र सौन्दर्यमूलक भाषिक संसाधनहरूको अध्ययनमा शैलीविज्ञानले सहयोग गर्छ" (भुषाल र आचार्य, २०७४, पृ. ३३) ले भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्धको बारेमा प्रष्ट पारेको छ ।

यसरी माथिका भनाइहरूलाई हेर्दा साहित्यिक पाठमा आएका भाषिक विचलन तथा समानान्तरताहरूको ख्याल गरी त्यस्तै अभिव्यक्ति क्षमताको विकास गराउन, साहित्यिक पाठ बोध र अभिव्यक्ति क्षमतामा सिपालु बनाउन, सामान्य शैली र विशिष्ट शैलीबारे ख्याल गरी साहित्यिक रचनामा प्रयोग हुने विशिष्ट शैलीको उपयोग गर्न, विचलनयुक्त साहित्यिक पाठहरू रुचिपूर्ण तरिकाबाट पढाउन, भाषिक अभिव्यक्तिको तरिका अध्ययन र विश्लेषण गर्न तथा त्यसको अर्थ छुट्याउने क्रममा भाषाशिक्षण र शैलीविज्ञानसँग सम्बन्धित हुन्छन् भनी बुझ्न सकिन्छ ।

**शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध**

कला, वास्तुकला, सङ्गीत, नृत्य, दर्शन, मानवशास्त्र, इतिहास, राजनीतिशास्त्र, मनोविश्लेषण र विज्ञान गर्दै शैलीविज्ञानले सम्पूर्ण क्षेत्रमा आफ्नो प्रभाव जमाउन थालेको छ । "साहित्य सिद्धान्त तथा समालोचनाका क्षेत्रमा पनि उत्तरआधुनिकतावादबाट प्रभावित सिद्धान्तहरू निर्माण भएका छन् र तिनै विभिन्न सिद्धान्त तथा अवधारणाबाट शैली विश्लेषण पद्धति पनि प्रभावित भएको पाइन्छ (भण्डारी र अन्य, २०६८, पृ. ४३) । यस भनाइलाई हेर्दा शैलीविज्ञान साहित्यिक समालोचनाका विभिन्न सिद्धान्तहरूबाट प्रभावित भएको एक सशक्त विधा हो भन्न सकिन्छ ।


भाषाविज्ञानसँग सम्बन्धित ध्वनिविज्ञान, रूपविज्ञान, अर्थविज्ञान, वर्णविज्ञान, साहित्य, कानुनी परामर्श केन्द्र आदिजस्ता क्षेत्रमा शैलीविज्ञानको प्रत्यक्ष सम्बन्ध रहने हुँदा शैलीविज्ञानको महत्त्व रहन गएको छ । साहित्यिक कृतिलाई विशिष्ट बनाउन कृतिभित्र नवीन शैलीको निर्माण गर्न र कृतिको भाव तथा सौन्दर्य पक्षलाई उजागर गर्नको लागि भाषिक एकाईहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । साहित्य भाषा प्रयोगको विकसित क्षेत्र हो । यसमा विधागत विविधताका साथै शैलीगत विविधता प्रशस्तै भेटिन्छ । शैलीविज्ञानले साहित्यलाई एउटा भाषिक कला मानेको हुन्छ । साहित्यकारले भाषिक कलाको रूपमा रहेको साहित्यिक कृतिलाई उत्कृष्ट बनाउन वर्ण, रूप, शब्द, वाक्य, उपवाक्य आदिजस्ता भाषिक एकाइहरूको विशिष्ट प्रयोग र संयोजन गरेको हुन्छ । यसलाई प्रष्ट पार्दै "कलाको अध्ययन क्षेत्रलाई कलाशास्त्र भनिन्छ भने भाषाको अध्ययन क्षेत्रलाई भाषाविज्ञान भनिन्छ । यसैगरी शाब्दिक कलाका रूपमा साहित्यको अध्ययन क्षेत्र शैलीविज्ञान हुन्छ । यस आधारमा शैलीविज्ञान र कलाविज्ञानबिच सम्बन्ध हुन आउँछ । यसैले शैलीविज्ञानको एउटा क्षेत्र कलाविज्ञान र अर्को क्षेत्र भाषाविज्ञान हो" (शर्मा, २०५९, पृ. १६) भनी आफ्नो धारणा प्रकट गरेका छन् ।

शैलीविज्ञान शब्दशक्ति, वक्रोक्ति, रूप, छन्द, अलङ्कार आदि विविध पक्षहरूसँग पनि सम्बन्धित हुन्छ । शैलीको सम्बन्ध अर्थविज्ञानसँग पनि निकट रहेको पाइन्छ । भाषिक उच्चारणका अर्थ अभिधात्मक, लाक्षणिक र व्यञ्जनामूलक हुन सक्छन् । त्यस्ता अर्थलाई विभिन्न स्रोतहरू पहिल्याएर खोज्ने, परीक्षण गर्ने र यथार्थसम्म पुग्ने अनि त्यसको प्रयोग, प्रसङ्ग र सान्दर्भिकतालाई स्पष्ट पार्नेजस्ता काममा अर्थविज्ञानले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । अतः शैलीविज्ञान अन्य विविध विधासँग सम्बन्धित रहको पाइन्छ ।

## शैली विश्लेषण प्रक्रिया

कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्नुपर्दा अपनाइने प्रक्रियालाई नै शैली विश्लेषण प्रक्रिया भनिन्छ । शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत ढाँचाका माध्यमबाट कृतिका व्यवस्थित, क्रमिक, वस्तुनिष्ठ व्याख्या र विश्लेषण गरिन्छ । कृतिको भाषागत शैली नै शैलीवैज्ञानिक समालोचना प्रणालीको मुख्य पाटो मानिन्छ । शैलीवैज्ञानिक विश्लेषण गर्दा यसमा निहित भाषिक संरचना र साहित्यिक संरचनाको ख्याल गर्नुपर्दछ । शैलीविज्ञान भाषाविज्ञानमा उपलब्ध प्रविधिको उपकरणको आधारमा कृतिको विश्लेषण

प्रारूप प्रदान गरिएको पाइन्छ । शर्मा (२०५९, पृ. ८) ले शैली विश्लेषण प्रक्रियालाई निम्न आरेखमार्फत प्रस्तुत गरेका छन् :




चित्र सङ्ख्या २, *शैलीविश्लेषण प्रक्रिया*

कृतिको साङ्गोपाङ्ग स्वरूपलाई माथिको चित्रले देखाएको छ । यहाँ ती तीनवटै तहलाई शीर्षक, उपशीर्षकअनुरूप चर्चा गरिएको छ :

**साहित्यिक संरचना**

संरचना कुनै पनि वस्तुमा पाइने साना वा लघुघटकहरूको अन्वितीपूर्ण कुल योग हो र अझ त्यसभन्दा पनि बढी केही हो । जस्तै : मानिस भनेको टाउको, नाक, मुख, आँखा, कान, घाँटी, हातखुट्टा, भुँडी, छाती आदिको कुलयोग हो । त्यस्तै साहित्यिक कृति भनेको पनि एउटा वस्तु संरचना हो । कृतिको संरचनाभित्र निहित घटकहरूको विभिन्न क्रममा श्रेणी वा तहमा विभक्त हुन्छन् । “प्रत्येक साहित्यिक कृतिको आफ्नो संरचना हुन्छ । यसलाई नै साहित्यिक संरचना भनिन्छ । कृतिलाई एउटा सिङ्गो स्वरूपको संरचना मानेर त्यसको बनोट र बुनोटको अध्ययन र विश्लेषण निम्नानुसार गरिन्छ” (भण्डारी र अन्य, २०६८, पृ. ३५) भनेका छन् :

**बनोट :** कृतिको बाह्य वा भौतिक परिचय नै बनोट हो । यसलाई प्रष्ट पार्दै भण्डारी र अन्य (२०६८) ले आफ्नो धारणालाई निम्नानुसार प्रस्तुत गरेका छन् :

> “कृतिको बाह्य वा भौतिक पक्षसँग सम्बन्धित पक्षलाई बनोट भन्ने गरिन्छ । यो कृतिभित्र रहेका घटकहरूको समुच्चय सम्बन्धसँग सम्बन्धित छ ।

> यसमा वस्तुको आन्तरिक र अन्तः सम्बन्धित नियम विज्ञान वा व्यवस्थाको समुच्चय रहेको हुन्छ । अङ्क, दृश्य, संवाद, उपन्यासका परिच्छेद, प्रसङ्ग, घटना, कविताका श्लोक आदिले कृतिमा बनोटको सिर्जना गरेका हुन्छन् । (पृ. ३५) ।

यस भनाइलाई दृष्टिगत गर्दा कुनै पनि कृतिको बाह्य वा भौतिक पक्ष नै त्यस कृतिको बनोट हो भन्न सकिन्छ ।

**बुनोट :** कुनै पनि कृतिको आन्तरिक पक्ष नै त्यस कृतिको बुनोट हो । साहित्यिक कृतिको संरचना अर्थात् बनोट अमूर्त हुन्छ भने बुनोट मूर्त हुन्छ । बुनोटको बारेमा "कृतिको आन्तरिक संरचनालाई नै बुनोट भनिन्छ । पाठकका मनमा चित्रित हुने घटकहरू यसमा पर्दछन् । कृतिको दृश्यात्मक वा पठनीय रूप नै बुनोट हो । यसमा छन्द, अलङ्कार, अर्थ, बिम्ब, चरित्र, प्रतीक, कथानक आदि पर्दछन् । प्रत्येक पात्रले अरूभन्दा फरक विशेषता देखाउँछन्" (भण्डारी र अन्य, २०६८, पृ. ३६) । यस भनाइलाई हेर्दा कुनै पनि कृतिभित्र रहने आन्तरिक अवयवहरू नै कुनै पनि साहित्यिक कृतिको बुनोट हो भन्न सकिन्छ ।

**शैली**

भाषाका माध्यमबाट मानवीय भाव वा विचार अभिव्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिका नै शैली हो । शैलीको सम्बन्ध साहित्यिक कृतिको संरचना र भाषिक संरचनासँग हुन्छ, त्यसैले शैलीलाई मध्यवर्ती मानिन्छ यही सम्बन्धसूत्रलाई पहिल्याएर शैलीविज्ञानले साहित्यक कृतिको विश्लेषण गर्छ । यसलाई प्रष्ट पार्ने क्रममा "भाषा संरचनाको उपर्युक्त क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्छ । यस रूपान्तरलाई विशिष्ट तर अमूर्त प्रक्रिया मानिन्छ । यो प्रक्रिया यस्तो मध्यवर्ती स्थिति हो, जसको सम्बन्ध एकातिर भाषारूपी कच्चा पदार्थसँग हुन्छ भने अर्कातिर कृतिरूपी तयारी मालसँग पनि हुन्छ । यो सम्बन्ध एकैसाथ हुन्छ र एकैसाथ हुने यस सम्बन्धलाई शैली भनिन्छ" (शर्मा, २०५९, पृ. ७) भनेका छन् । साहित्यिक कृतिको पहिचान गर्दा निम्नलिखित पक्षका आधारमा शैलीलाई पहिल्याउने प्रयास गरिन्छ :

**चयन :** चयन भनेको छनोट हो । कुनै पनि साहित्यकारले आफ्नो शब्दभण्डारबाट विचार गरेर मात्र खास शब्दको प्रयोग गर्दछ । अक्षी, नेत्र, चक्षु, नयन, लोचन आदि

आँखा शब्दका पर्याय हुन् । "एउटा परिवेशमा उपयुक्त ठानिएको शब्द अर्को परिवेशमा अनुपयुक्त ठहरिन सक्छ । त्यसैले शब्द चयनकर्ताले शब्दका विभिन्न विकल्पहरूमध्ये उचित र सन्दर्भसापेक्षित विकल्प चयन गरी प्रयोग गरेको हुन्छ । शब्दगत तह र वाक्यगत तहमा रहेर विकल्प र चयन गरिएको हुन्छ" (ढकाल, २०६८, पृ. १५७) । यस भनाइलाई हेर्दा कुनै पनि साहित्यकारले आफ्नो रचना सिर्जना गर्ने क्रममा कथानकको मागअनुसार कुनै पनि शब्दका पर्यायवाची शब्दहरूमध्ये आफूलाई उपयुक्त लागेका शब्दको प्रयोग गर्नु हो भन्ने बुझिन्छ ।

लेखक आफ्ना अभिव्यक्तिमा उपयुक्त शब्दमध्ये एउटालाई सुविचारित रूपमा होस् अथवा अज्ञानतावश होस् प्रयोग गर्छ ती थुप्रै विकल्पमध्ये खास शब्दलाई सर्जकले चयन गर्छ भने त्यसको खास कारण हुनसक्छ । शैलीविज्ञानले ती शब्दका चयनको विशिष्टतालाई पहिल्याउने काम गर्छ । यसरी एउटै शब्द वा पदावलीका पनि विभिन्न विकल्पहरू हुन सक्छन् । यस्ता विकल्पहरूबाटै उपयोगी शब्द चयन गर्नु नै चयनको कार्यअन्तर्गत पर्दछ । शैलीविज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने काम गर्छ ।

**अग्रभूमि निर्माण :** कुनै पनि साहित्यिक रचनालाई आकर्षक बनाउनका लागि खास ध्वनि, पदावली वा वाक्यहरूको प्रयोग गर्नु नै अग्रभूमि निर्माण हो । "शैलीवैज्ञानिक क्षेत्रमा अग्रभूमिसम्बन्धी धारणाको प्रवर्तन सर्वप्रथम सन् १९३० मा जे. मुकारोब्स्कीले गरेको देखिन्छ । त्यसो त अग्रभूमिको प्रारम्भिक प्रयोग क्षेत्र चित्रकला मानिन्छ । मुकारोब्स्कीले अग्रभूमि निर्माणमा नवीनता, असामान्यता, अद्वितीयता र अनपेक्षितताजस्ता विशेषता देखाएका छन्" (भण्डारी र अन्य, २०६८, पृ. ३८) । यसैगरी "रचनाकारले आफ्नो अभिव्यक्तिलाई तिख्खर, टाठो, स्पष्ट र आकर्षक बनाउनका लागि खास ध्वनि, शब्द, पदावली वा वाक्यलाई विशेष बल दिई अगाडि सार्दा यसले भाषिक प्रयोगमा नवीनता ल्याउँछ र परम्परागत वा ज्यादै प्रयोगमा आई रूढ (यान्त्रिक) हुन पुगेका भाषिक एकाइलाई नयाँ ढङ्गले अगाडि सार्नु अग्रभूमि निर्माण हो" (ढकाल २०६८, पृ. १५७) भनेका छन् । यी भनाइहरूलाई हेर्दा कुनै पनि रचनाको अभिव्यक्तिलाई सुन्दर बनाउनका लागि खास ध्वनि, शब्द, पदावली वा वाक्यलाई प्रयोग गर्नु नै अग्रभूमि निर्माण हो भन्न सकिन्छ । "कृतिमा अग्रभूमिको निर्माण गर्नका लागि विचलन र समानान्तरता गरी दुईवटा तरिकाहरूबाट गरिन्छ" (ढकाल २०६८, पृ. १५७) :

**विचलन :** प्रचलित ढाँचालाई उलटपुलट गरेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो । "समानान्तरताको विपरीत धर्म भएको प्रविधि विचलन हो । सामान्यतः भाषाको स्वीकृत वा मानक रूपलाई रूपलाई खज्मज्याएर वा उल्टोपाल्टो पारी प्रयोग गर्नु विचलन हो" (भण्डारी र अन्य, २०६८, पृ. १५७) । यस भनाइलाई हेर्दा सामान्य र प्रचलित नियमलाई भङ्ग गरी मानक रूपको अतिक्रमण गर्नु नै विचलन हो भन्न सकिन्छ । रचनाको प्रभावकारिता र कलात्मकताका लागि सोद्देश्यपूर्ण ढङ्गले नियम भङ्ग गरिन्छ र शैलीविज्ञानका सन्दर्भमा सौन्दर्य प्रदान गर्ने एउटा युक्तिका रूपमा विचलनलाई लिइन्छ । साहित्यिक कृति निर्माणका क्रममा साहित्य सचेत र असचेत रूपमै मानकबाट विचलित हुने गर्छ । सामान्य भाषिक वा व्याकरणिक नियमले विचलित गर्न नहुने कुरालाई विचलित गरेर देखाउने प्रवृत्ति नै विचलन हो । यस्तो विचलन भाषाका विभिन्न स्तर एकाइ वा पक्षमा निम्नानुसार देख्न सकिन्छ :

***कोशीय विचलन :*** शब्दकोशमा समावेश नगरिएका र अन्त कतै प्रयोग नभएका शब्दहरूको स्रष्टा आफै निर्माण गरी प्रयोग गर्ने कार्यलाई नै कोशीय विचलन भनिन्छ । भाषाशैलीमा नवीनता ल्याउन विचलनयुक्त शब्दहरू प्रयोग गरिएका हुन्छन् । जस्तै : "चक्रेटो फुलारु, अक्तजन, नक्तजन, मान्द्रिलो, गोबरी, चिथोरेसन, युरेसिया आदि निर्मित र नवीन शब्द हुन् । यस्ता शब्दले कोशीय विचलनलाई देखाउँछन्" (ढकाल, २०६८, पृ. १५७) ।

***व्याकरणिक विचलन :*** व्याकरणले भाषालाई व्यवस्थित बनाउँछ । प्रत्येक भाषाको आआफ्नै व्याकरणिक नियमअनुसार भाषा प्रयोग गर्ने व्यवस्था हुन्छ तर साहित्यकारले व्याकरणिक अनुशाासन भङ्ग गरी वा त्यसमा मात्र सीमित नभई लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिको प्रयोगमा विचलन ल्याएर आफ्नो कृतिलाई नवीनता दिएका हुन्छन् । "लिङ्ग, पुरुष, भाव, वाच्य, काल आदि व्याकरणिक धारालाई नवीन बनाउने हेतुले मानक रूपभन्दा भिन्न ढङ्गले प्रस्तुत गर्नु व्याकरणिक विचलन हो" (ढकाल, २०६८, पृ. १५७) । जस्तै : जान्छ भाइ गाउँमा (पदक्रम विचलन), बहिनी आउँछे कि भनेर उनीहरू पर्खिरहँदो हो (वचन विचलन), श्याम जान्छेजस्तो लाग्दैन भन्या (लिङ्ग विचलन) आदि ।

***ध्वनिप्रक्रियात्मक विचलन :*** भाषा प्रयोग गर्दा वर्णविन्यासको क्रमलाई नै बिगारेर प्रयोग गर्नु नै ध्वनिप्रक्रियात्मक विचलन हो । "जब कुनै सर्जकले वर्णविन्यासका

मानक रूपलाई खज्मज्याउँछ, तब यो विचलन देखापर्छ । शशि, शिशिर, प्रस्तुत, सङ्गीतजस्ता शब्दलाई ससि, सिसिर, प्रस्तूत, सङ्गित बनाई प्रयोग गरिन्छ भने ती शब्दको परम्परागत, शिष्ट, मानक रूपलाई फेरेको ठहर्छ" (ढकाल, २०६८, पृ. १५८) । यस भनाइलाई हेर्दा वर्णविन्यासका मानक रूपको प्रयोगलाई खज्मज्याउनु नै ध्वनि प्रक्रियात्मक विचलन हो भन्न सकिन्छ ।

***लेख्य प्रक्रियात्मक विचलन :*** शब्द लेखाइका सन्दर्भमा देखिने विचलन नै लेख्य प्रक्रियात्मक विचलन हो । "सर्जकले आफ्नो अभिव्यक्तिमा डिकोलाई तलमाथि पारेर प्रस्तुत गर्छ भने त्यो लेख्यप्रक्रियात्मक विचलन हो" (ढकाल, २०६८, पृ. १५८) ।

जस्तै : $_{त}$ल, ना$_{म}$, $_{उ}$ता आदि ।

***अर्थतात्त्विक विचलन :*** अभिधा अर्थमा मात्र सीमित नरही लक्ष्यार्थ र व्यङ्ग्यार्थ बोध गराउनका लागि साहित्यिक कृतिमा अर्थतात्त्विक विचलनको प्रयोगले भाषाशैलीलाई प्रभावकारी र कलात्मक बनाउन सहयोग गर्दछ । जस्तै : पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ, आज त हिमाल मुसुक्क हाँस्यो, मुटुमाथि ढुङ्गा राखि हाँस्नु पऱ्या छ, म त लालीगुँरास भएछु आदि । "वाक्यमा अवचेतन वस्तु वा प्रकृतिलाई चेतन र संवेदनशील जीवका रूपमा चित्रण गर्दा सर्जकले अर्थतात्त्विक विचलन गरेको हुन्छ" (ढकाल, २०६८, पृपृ. १५८-१५९) । अवचेतन बस्तु वा प्रकृतिलाई चेतन र संवेदनशील जीवका रूपमा चित्रण गर्दा अर्थतात्त्विक विचलन हुन्छ ।

***भाषिक विचलन :*** "साहित्यिक कृतिमा भाषाको मानक (शिष्ट) रूपको प्रयोग नगरेर कुनै भाषिका विशेषका शब्दलाई अग्रभूमिमा ल्याएर नवीनता दिने प्रयास गरियो भने भाषिक विचलन हुन्छ । जस्तै : खाजा, दूध, ड्राइभर, गरेको, लप्सीजस्ता शब्दलाई प्रयोग नगरेर कुनै सर्जकले क्रमशः अर्नी, ओलन, गुरुजी, गऱ्या, लौसीजस्ता शब्द प्रयोग गर्छ भने भाषिका विचलन हुन्छ" (ढकाल, २०६८, पृ. १५९) । भाषिका विचलनमा भाषाको मानक रूपको प्रयोग नगरेर भाषिका विशेषका शब्दलाई प्रयोग गर्ने कोसिस गरिन्छ ।

***प्रयुक्तिगत विचलन :*** एउटा प्रसङ्ग र परिस्थितिमा प्रयुक्त हुने शब्द भिन्न सन्दर्भमा प्रयोग हुन पुग्ने प्रवृत्ति प्रयुक्त विचलन हो । जस्तै : जङ्गलवासी भयङ्कर डाँकाहरू प्रत्येक शीत ऋतुमा कीराहरूको संहार गर्छन् (कीराका लागि संहारको प्रयोग) ।

एउटा प्रसङ्ग र परिस्थितिमा प्रयुक्त हुने शब्द भिन्न सन्दर्भमा प्रयोग हुन पुग्ने स्थिति प्रयुक्तिगत विचलन हो । "प्रयुक्तिगत विचलनमा शब्द प्रयोग सन्दर्भअनुकूल भएको हुँदैन । जनकपुरको जनक चोकको होटलमा बसेका रा.प्र.पा. का यादव र मानवअधिकारवादी पत्रकार परियारले पुलिसको गोली प्रहारबाट मृत्युवरण गरेका छन् । यहाँ शब्द प्रयोग सन्दर्भअनुकूल नभएको देखिन्छ" (ढकाल, २०६८, पृ. १५९)। प्रसङ्ग र परिस्थितिमा प्रयुक्त हुने शब्द भिन्न सन्दर्भमा प्रयोग हुँदा प्रयुक्तिगत विचलन हुन्छ ।

**समानान्तरता :** प्रचलित नियमहरू अथवा समान तत्त्वहरूको पुनरावृत्ति तत्त्व नै समानान्तरता हो । विचलनको अनियमिततालाई मुख्य आधार बनाएजस्तो यसले नियमिततालाई आधार बनाउँछ । यसमा नियमित रूपमा वर्ण, पद, पदावली वा वाक्य नै पुनरावृत्ति भएर आउँछन् । विचलनले प्रचलित मानकलाई उल्लङ्घन गरी आकर्षक पैदा गर्दछ भने यसले भाषाको अरू नियमितता सिर्जना गरी आकर्षण बनाउँछ । "जब रचनाकारले आफ्नो सिर्जनामा कुनै भाषिक एकाइको आवृत्ति र पुनरावृत्ति गरेर अलङ्कार, लय, छन्द आदि विशेषतायुक्त बनाउँछन्, त्यसलाई समानान्तरता भनिन्छ" (ढकाल, २०६८, पृ. १५९ ) । यसैले समानान्तरता भनेको नियमितताको अत्यधिक परिपालना हो भन्न सकिन्छ ।

समानान्तरता बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

***बाह्य समानान्तरता :*** "साहित्यिक कृतिको आवरण पक्षअन्तर्गत वर्ण, मात्रा, लय, छन्द आदिसँग सम्बन्धित पुनरावृत्ति बाह्य समानान्तरता हो" (ढकाल, २०६८, पृ. १५९) । जस्तै : पापको पोको पारेर पुण्यप्रसाद पञ्जाब पुगे । वनपालेले वनमा बसेर वनचरी बनाएर खायो । यी वाक्यमध्ये पहिलो वाक्यमा 'प' वर्ण र दोस्रो वाक्यमा 'ब' वर्ण पटकपटक पुनरावृत्ति भएको हुँदा बाह्य समानान्तरता सिर्जना भएको छ ।

***आन्तरिक समानान्तरता :*** "अर्थ वा भावस्तरको आवृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ" (ढकाल, २०६८, पृ. १५९) । जूनले मन तान्छ त्यसैलाई हेरिरहूँजस्तो लाग्छ, भन्ने अभिव्यक्तिमा 'मन तान्नु' र 'हेरिरहूँजस्तो लाग्नु' भन्ने दुईवटा कुराले

एउटै अभिप्रायलाई प्रस्तुत गरेका छन् । यस्तो हुनुलाई आन्तरिक समानान्तरता भनिन्छ ।

### विविधता

साहित्यिक कृतिमा भाषाको प्रयोग र विषयको कारणले देखापर्ने भाषिक भेदहरूलाई विविधता भनिन्छ । "विषगत र वैयक्तिक भिन्नता देखिने भाषिक भेदलाई विविधता भनिन्छ" (ढकाल, २०६८, पृ. १६०) । साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधताहरू देख्न पाइन्छन् । शैलीविज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्छ ।

## *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक आधारमा वर्गीकरण

यस शोधपत्रको शीर्षक *प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* भएकाले यस कृतिको शैलीवैज्ञानिक आधारमा निम्नानुसार कथानक संरचना, पात्रविधान र भाषिक संरचनामा वर्गीकरण गरी अध्ययन गरिएको छ :

### कथानक संरचना

कथानक कथाको एक अनिवार्य र महत्त्वपूर्ण तत्त्व हो । "घटनाहरूको योजनाबद्ध प्रस्तुति नै कथानक हो । कृतिका घटनाहरूको कार्यकारण सम्बन्धद्वारा कथानक व्यवस्थित गरिएको हुन्छ । कुनै घटना घट्नुको पछाडि कारणहरू हुन्छन् । घटना घटेपछि त्यसको प्रभाव देखिन्छ । यी पक्षहरूको सङ्गठित रूप कथानक हुन्छ । कथावस्तुमा उपयोग हुने घटनावलीहरूको कालक्रमिक शृङ्खलाहरूको ढाँचा तथा आदि, मध्य र अन्त्य भागको क्रमबद्ध प्रस्तुतिलाई कथानक भनिन्छ" (भण्डारी र अन्य २०७१, पृ. ७) । कथानकको आधारमा कृतिलाई निम्नाअनुसार प्रस्तुत गर्न सकिन्छ :

**आरम्भ/चिनारी :** कथानकको प्रारम्भ भागमा सम्बन्धित कृतिका पात्रहरूको परिचय, ती पात्रहरूले सामना गर्नुपर्ने समस्याहरूको पूर्व सङ्केत दिइएको हुन्छ । त्यसैगरी परिवेश एवम् वातावरण मौसम, स्थान, युग आदि कुराको जानकारी पनि यस भागमा रहेको हुन्छ । "आख्यानात्मक कृतिको कथानकको विकाससँग सम्बद्ध यस पहिलो अवस्थामा मुख्य पात्रहरूको चिनारी गराइएको हुन्छ । साथै यसमा पात्रहरूले जुध्नुपरेको समस्या र परिस्थितिको पनि जानकारी दिइन्छ" (शर्मा, २०५९, पृ. १५१) । कृतिको कथानकगत रूपमा चिनारी भन्नाले कृतिमा घटित घटनाको सुरुवात वा आरम्भको अवस्था हो ।

**सङ्घर्षविकास :** यो कथानकको दोस्रो अध्याय हो । यसमा आकस्मिक परिस्थिति वा घटना विशेषका कारण पात्रहरूसमक्ष नयाँ समस्या उत्पन्न भई उनीहरू एकआपसमा सङ्घर्ष गर्न थाल्छन् । "कुनै आकस्मिक परिस्थितिका कारण अथवा घटनाविशेषका कारण पात्रहरूका सामु नयाँ समस्या उत्पन्न हुन्छ र पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ । यस पहिलो महत्त्वपूर्ण परिस्थिति वा घटनालाई नै प्रथम सङ्कटावस्था भनिन्छ" (शर्मा, २०५९, पृ. १५१) । यसरी यस चरणमा कथात्मक कृतिमा पहिलोपल्ट सङ्कटको सिर्जना हुने भएकाले यसलाई प्रथम सङ्कटावस्था पनि भनिन्छ ।

**चरम :** सङ्घर्षविकासको अवस्थापछि पात्रहरूमा अर्को सङ्कट उत्पन्न भई पात्रहरू चरम अवस्थामा पुग्छन् । "पहिलो सङ्कटावस्थाले अन्य सङ्कटावस्थालाई जन्माउँछ र सङ्कटावस्थाहरूको एउटा शृङ्खला तयार हुन्छ । विभिन्न सङ्कटावस्थाका कारण चरित्रमा परिवर्तन आउँछ र नयाँनयाँ समस्या उत्पन्न भएर सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ । सङ्कटावस्थाहरूको शृङ्खलाले अन्त्यमा पात्रहरूलाई यस्तो स्थितिमा पुऱ्याउँछ, जो सबभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक हुन्छ । यो अन्तिम सङ्कटावस्था नै चरम हो" (भण्डारी र अन्य, २०७३, पृ. ८) । सङ्कटावस्थाहरूले अन्त्यमा पात्रहरूलाई यस्तो स्थितिमा पुऱ्याउँछ, जो सबभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक सङ्कटावस्था हुन्छ ।

**सङ्घर्षह्रास :** यस अवस्थामा कथानकका पात्रहरूमा भएको द्वन्द्व, सङ्घर्ष बिस्तारै कम भएको हुन्छ । छरिएको घटना प्रवाहलाई समेट्ने र सँगाल्ने काम गरिन्छ । "यस अवस्थामा आइपुग्दा कथानकका पात्रहरूको चर्को सङ्घर्ष मथ्थर हुन्छ । छरिएको घटना प्रवाहलाई समेट्ने र सँगाल्ने काम गरिन्छ । कुनै कार्य, निर्णय वा खोजका कारण सङ्घर्ष कार्य टुङ्ग्याउनीमा पुग्छ" (शर्मा, २०५९, पृ. १५२) । यो अवस्था कथानकको अन्त्य भागमा पर्दछ । कुनै कार्य, निर्णय वा खोजका कारण सङ्घर्ष निष्कर्षतिर अगाडि बढेको हुन्छ ।

**उपसंहार :** कथानक विकासको अन्तिम अवस्था उपसंहार हो । "यो अवस्थामा पात्रहरूको सङ्घर्ष टुङ्गिन्छ । पात्रहरूले आफ्ना कार्यअनुसारको फल पाई समस्या समाधान हुन्छ" (भण्डारी र अन्य, २०७३, पृ. ८) । यसमा पात्रहरूका बिचमा कुनै

सङ्घर्ष बाँकी रहँदैन पात्रहरूले जेजस्तो कार्य गरेका हुन्छन्, त्यसैअनुसारको फल प्राप्त गर्दछन् । यसरी कथानकको अन्त्य हुन्छ ।

**पात्रविधान**

उपन्यास आख्यान विधाअन्तर्गत पर्ने महत्त्वपूर्ण साहित्यिक विधा हो । यसमा निश्चित खालको कथानकीय संरचना रहेको हुन्छ । "आख्यानलाई गति दिने काम कथानकको हो । कथानकलाई गति दिने काम पात्र वा चरित्रको हो । यसरी उपन्यासमा देखिने मानवीय वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ" (भण्डारी र अन्य, २०७१, पृ. ८) । यस भनाइलाई हेर्दा उपन्यासमा प्रयोग भएका पात्रहरूले समाजका विभिन्न घटना र प्रवृत्तिका माध्यमबाट समाजका विभिन्न किसिमका मानवीय चरित्रको प्रतिनिधित्व गरिरहेका हुन्छन् । चरित्र व्यक्ति तथा समाजको आन्तरिक तथा बाह्य प्रवृत्तिहरूको प्रस्तुति हो । चरित्रको चित्रणमार्फत् व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । "आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ । पात्रहरू कतिपय नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ । उपन्यासमा पात्रहरूको नैतिकता र गुणको अभिव्यक्ति जति बोल्छन् (संवाद) त्यसबाट र जति गर्छन् (क्रिया) त्यसबाट गरिन्छ" (शर्मा, २०५९, पृ. ११४) । यस भनाइलाई हेर्दा उपन्यासको कथानकलाई अगाडि बढाउन आउने मानव वा मानवेत्तर प्राणी नै चारित्रिक गुणले युक्त पात्र हो भन्न सकिन्छ । पात्रहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**लिङ्गको आधारमा :** शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । स्त्री र पुरूष छुट्याउने प्राणीका शरीरको चिह्न वा लक्षणलाई लिङ्ग भनिन्छ । "यो पात्रको शारीरिक जात छुट्याउने आधार हो र यस आधारमा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन्" (शर्मा, २०५९, पृ. ११५) । यस भनाइलाई हेर्दा लिङ्गको आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई किसिमका पात्र हुन्छन् । कृतिमा प्रयुक्त नायक, नायिका, खलनायक, खलनायिका वा नारी तथा पुरूष आदिलाई लिङ्गको आधारमा नामाकरण गरिएको हुन्छ ।

**कार्यको आधारमा :** कार्य वा कार्यमूल्यको घटीबढीका आधारमा पात्रहरूलाई वर्गीकरण गरिएको हुन्छ । कार्यका आधारमा पात्र प्रमुख, सहायक र गौण गरी तीन प्रकारका हुन्छन् । सबैभन्दा बढी भूमिका निर्वाह गर्ने क्रियाशील पात्र प्रमुख पात्र

हुन्छ । मध्यम खालको भूमिका निर्वाह गर्ने सहायक पात्र र निम्न खालको भूमिका निर्वाह गर्नेलाई गौण पात्र भनिन्छ । "कार्य वा कार्यमूल्यको घटीबढीका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण वर्गका हुन्छन्" (शर्मा, २०५९, पृ. ११५) । यस भनाइलाई हेर्दा कथानकमा सबैभन्दा बढी भूमिका निर्वाह गर्ने र कथाको सुरुदेखि अन्त्यसम्म रहने पात्र प्रमुख पात्र हो भने उसलाई सहयोग गर्न आउने पात्रहरू सहायक पात्र तथा गौण पात्रहरू हुन् ।

**प्रवृत्तिको आधारमा :** यस आधारमा पात्र अनुकुल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । कृतिमा पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । "प्रवृत्तिको आधारमा पात्रहरू अनुकूल र प्रतिकूल वर्गका हुन्छन् । अनुकूल पात्र सकारात्मक हुन्छन् भने प्रतिकूल पात्र नकारात्मक हुन्छन्" (शर्मा, २०५९, पृ. ११५) । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत् हुन्छ ।

**स्वभावको आधारमा :** स्वभाव भन्नाले उपन्यासमा प्रयोग गरिएको पात्रको बानी व्यवहारलाई जनाउँछ । "स्वभावका आधारमा पात्रहरू स्थिर र गतिशील गरी दुई वर्गका हुन्छन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म एउटै स्थितिमा रही स्वभाव परिवर्तन नगर्ने पात्रलाई स्थिर पात्र भनिन्छ भने कथाको कार्यव्यापारबाट प्रभावित भई स्वभाव परिवर्तन गरी आफ्नै सोचअनुसार अगाडि बढ्ने पात्रलाई गतिशील पात्र भनिन्छ" (भण्डारी र अन्य, २०७१, पृ. ८) । यसैगरी "समय, परिस्थिति र अवस्थाअनुसार परिवर्तन हुने पात्रलाई गतिशील पात्र भनिन्छ भने परिवर्तन नहुने र उपन्यासको सुरुदेखि अन्त्यसम्म एकै किसिमले अगाडि बढ्ने पात्रलाई गतिहीन पात्र भनिन्छ" (भण्डारी र अन्य, २०७३, पृ. ९) । यी भनाइहरूलाई हेर्दा कृतिमा देखापरेका पात्रहरू गतिशील र गतिहीन हुन्छन् तथा कोही पात्र कथानकको सुरुमा स्थिर रहे पनि पछि गएर गतिशील पात्रको रूपमा पनि देखापरेका हुन्छन् ।

**जीवनचेतनाको आधारमा :** यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । "यस आधारमा पात्रहरू वर्गगत र व्यक्तिगत वर्गका हुन्छन् । वर्गगत पात्रले कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छ भने व्यक्तिगत पात्रले आफ्नै प्रतिनिधित्व गर्छ" (शर्मा, २०५९, पृ. ११५) । यो भनाइलाई हेर्दा वर्गीय पात्र

समाजको घटना परिवेशसँग घुलमिल भई समाजको सोच र लक्ष्यअनुरूप अगाडि बढेको हुन्छ भने व्यक्तिगत पात्र आफ्नो मात्र सोच र लक्ष्य लिई अगाडि बढेको हुन्छ भन्न सकिन्छ ।

**आसन्नताको आधारमा :** आसन्नताको आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । "उपन्यासमा प्रयुक्त पात्रहरू दृश्य र अदृश्य खालका हुन्छन् । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ" (भण्डारी र अन्य, २०७३, पृ. ९) । यस भनाइलाई हेर्दा मञ्चीय पात्र वर्तमान समयमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**आबद्धताको आधारमा :** उपन्यासको कथानकसँग रहेका पात्रहरूको सम्बन्धको आधारमा चरित्रलाई छुट्याउने उपकरण आबद्धता हो । "आबद्धताको आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । कथाको संरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा जुन पात्रलाई कथानकबाट झिक्दा कथा अपूर्ण बन्छ त्यस्ता पात्रलाई बद्ध भनिन्छ भने जुन पात्रको अभावमा कथाको संरचना खलबलिन्न त्यस्ता पात्रहरूलाई मुक्त पात्र भनिन्छ" (भण्डारी र अन्य, २०७१, पृ. ९) । यस भनाइका आधारमा बद्ध पात्रलाई झिक्दा कृतिको संरचना बिग्रन्छ भने मुक्त पात्रलाई कृतिबाट हटाउँदा संरचनामा केही असर पर्दैन भन्ने बुझ्न सकिन्छ ।

## भाषिक संरचना

साहित्यिक कृतिको माध्यम वा आधार सामग्री भाषा हो । भाषाको आफ्नै संरचना हुन्छ । भाषा क्रमशः तल्लो श्रेणीबाट माथिल्लो श्रेणीतिर सोपानक्रमिक रूपमा निर्मित हुन्छ, अथवा भाषाको व्याकरणिक व्यवस्थासम्म पुग्न ध्वनि, वर्ण, अक्षर, शब्द, पद, पदावली, उपवाक्य र वाक्य हुँदै अघि बढ्नुपर्छ । "साहित्यिक कृतिको माध्यम वा आधार सामग्री भाषा हो । भाषाको आफ्नै संरचना हुन्छ । यसका मुख्य तीनवटा कुरा हुन्छन् : ध्वनिव्यवस्था, शब्द व्यवस्था र व्याकरण व्यवस्था" (ढकाल, २०६८, पृ. १५६) । भाषिक संरचनाका घटकहरूलाई निम्नानुसार चर्चा गरिएको छ ।

**ध्वनि व्यवस्था :** हरेक भाषाका आआफ्नै स्वर वा व्यञ्जन वर्णहरूको व्यवस्था रहेको हुन्छ । यस्ता वर्णहरू केकसरी साहित्यिक कृतिमा समावेश गरिएको छ भन्ने बारेमा अध्ययन र विश्लेषण गर्ने कार्य यसअन्तर्गत गरिन्छ । "कुनै पनि भाषाका खण्डीय, खण्डेत्तर ध्वनिको व्यवस्था हुन्छ । खण्डीय ध्वनिमा भाषाका स्वर र व्यञ्जन पर्छन् भने खण्डेत्तर ध्वनिमा अनुनासिकता, श्वसन, आघात, लय, मात्रा, तान आदि पर्दछन्" (ढकाल, २०६८, पृ. १५६) । यस भनाइलाई हेर्दा ध्वनि व्यवस्थामा केन्द्रित हुँदा साहित्यिक रचनामा केकस्ता ध्वनिहरूको समावेश छ भन्ने कुरा केलाउने प्रयास गर्न सकिन्छ भनी बुझिन्छ ।

**शब्द व्यवस्था :** ध्वनि भाषाको न्यूनतम एकाई हो । यसमा कुनै पनि भाषाका खण्डीय र खण्डेत्तर ध्वनिको व्यवस्था पर्छन् । खण्डीय ध्वनिमा अनुनासिकता, श्वसन, आघात, लय, मात्रा, तान आदि पर्दछन् । "शब्दको निर्माण रूपहरूको समुच्चयबाट हुन्छ । यस्ता रूप बद्ध/मुक्त हुने भएकाले यसलाई रूपप्रक्रिया र अर्थविज्ञानसँग सम्बद्ध भाषिक संरचना भनिन्छ । विवेच्य कृतिमा प्रयुक्त शब्दहरूका विषयमा केन्द्रित भएर हेर्ने प्रयास यहाँ हुन्छ" (ढकाल, २०६८, पृ. १५६) । ध्वनि व्यवस्थामा केन्द्रित हुँदा साहित्यिक रचनामा केकस्ता ध्वनिहरूको समावेश छ भन्ने कुरा केलाउने प्रयास गरिन्छ । हरेक भाषाको आफ्नै शब्दभण्डार व्यवस्था हुन्छन् । साहित्यिक कृतिमा प्रयोग भएको भाषासँग सम्बन्धित शब्दभण्डारमा केन्द्रित भई त्यस कृतिमा उपयोग गरिएका शब्दहरूको अध्ययन र विश्लेषण गर्ने कार्य यसअन्तर्गत गरिन्छ ।

**व्याकरण व्यवस्था :** हरेक भाषाको आफ्नै व्याकरण व्यवस्था हुन्छ । कुनै पनि भाषाको व्याकरण व्यवस्था त्यस भाषाको माथिल्लो तह हो, जहाँ रूपविज्ञान तथा वाक्यविज्ञान प्रक्रिया र प्रकार्यहरूको व्याख्या गरिएको हुन्छ । वाक्यका संरचक भाषिक घटकहरूको सन्दर्भमा व्याकरण व्यवस्था र व्याख्याको सर्वोच्च तह हो । "व्याकरण व्यवस्थामा रूपप्रक्रिया र वाक्यविज्ञान पर्दछन् । कृतिमा व्याकरणीय प्रयोगको अवस्थालाई नियाल्ने प्रयास हुन्छ" (ढकाल, २०६८, पृ. १५६) । यस भनाइलाई हेर्दा साहित्यिक कृतिमा प्रयोग गरिएको भाषासँग सम्बन्धित भई व्याकरण व्यवस्थाको अध्ययन र विश्लेषण गर्ने काम शैलीविज्ञानले व्याकरण व्यवस्थाअन्तर्गत पर्दछ भन्न सकिन्छ ।

## सारांश

यस अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ, जसअन्तर्गत सैद्धान्तिक पुनरावलोकनमा पाँचवटा पुस्तकलाई आधार बनाई शैलीविज्ञानको बारेमा विभिन्न लेखकहरूले भनेका कुरालाई व्याख्या विश्लेषण गरिएको छ भने प्रायोगिक पुनरावलोकनमा उद्देश्यअनुसारको कथानक, पात्रगत र भाषागतअनुसार निकालिएको निष्कर्षलाई दसवटा शोध समीक्षाको आधारमा विश्लेषण गरिएको छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, समस्याको चुरो पत्ता लगाउनुका साथै विविध कुरामा फाइदा पुगेको कुरालाई विश्लेषण गरिएको छ भने शैलीविज्ञानको सैद्धान्तिक अवधारणालाई पनि प्रस्तुत गरिएको छ, जसमा शैलीविज्ञानको परिचय र परिभाषा, पूर्वीय र पाश्चात्य परम्परा, शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध, शैलीविश्लेषण प्रक्रिया र भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्धको बारेमा चर्चा गरिएको छ । त्यस्तैगरी शैलीवैज्ञानिक आधारमा कथानकको र पात्रको सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ र अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## अनुसन्धान ढाँचा

अनुसन्धान विधिमा उपयुक्त विधिहरूको छनौट गरिएको छ । यो अध्ययनमा सामग्री सङ्कलनको लागि प्रक्रिया पुस्तकालयीय प्रक्रिया भएकाले यस शोधकार्यमा गुणात्मक अध्ययन ढाँचाको प्रयोग गरिएको छ ।

## नमुना छनोट प्रक्रिया

यस शोधकार्यमा *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । जसभित्र कथानक, पात्रगत संरचना अनि भाषिक शैलीको वैज्ञानिक अध्ययन गरिएकाले यस शोधकार्यको नमुना छनौट पद्धति सोद्देश्यमूलक रहेको छ ।

## तथ्य सङ्कलन प्रक्रिया

यस शोधपत्र तयार पार्नका लागि प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सुबिन भट्टराईद्वारा रचित*प्रिय सुफी* उपन्यासलाई प्राथमिक स्रोतको रूपमा र उपन्याससँग सम्बन्धित भएर लेखिएका विभिन्न अध्ययन, प्रतिवेदन, पुस्तक, जर्नल, आलेख आदिलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा सङ्कलन गरिएको छ । सुरुमा उपन्यासको अध्ययन गरी त्यसको संरचना पक्ष, भाषिक पक्ष, पात्रविधान पक्षलाई टिपोट गरिएको छ । अध्ययनका क्रममा शैलीविज्ञानका सैद्धान्तिक कुराहरूलाई आधार मानी अग्रभूमि निर्माणलाई विश्लेषण गरिएको छ ।

### तथ्य सङ्कलनका साधन

प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन सामग्री सङ्कलन कार्य भएको छ । अध्ययनलाई विश्वसनीय र स्तरीय बनाउनका लागि प्राथमिक स्रोत र द्धितीयक स्रोत निर्माण गरी अध्ययन अनुसन्धान गरिएको छ । प्रस्तुत शोधपत्र तयार पार्नका लागि आवश्यक सामग्रीहरू निम्नलिखित दुई स्रोतबाट सङ्कलन गरिएको छ :

**प्राथमिक स्रोत :** *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोधकार्य गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू सङ्कलन गर्नका लागि प्राथमिक स्रोतका

रूपमा सुबिनद्वारा लिखित *प्रिय सुफी* उपन्यासलाई प्रमुख आधारका रूपमा लिइएको छ । उक्त उपन्यास नै यस शोधकार्य विश्लेषणको मूल आधार हो ।


**द्वितीयक स्रोत :** प्रस्तुत शोधकार्यलाई व्यवस्थित, वैध, प्रमाणित बनाउन शीर्षकसँग सम्बन्धित शैलीवैज्ञानिक कोणबाट व्याख्या गरिएका पाठ्यपुस्तक, शैलीविज्ञान र यससँग सम्बन्धित पाठ्यपुस्तक शोधपत्रहरू, अप्रकाशित शोधपत्रहरू र शैलीविज्ञानलाई व्याख्या गरिएको पाठ्यपुस्तक आदि द्वितीयक सामग्रीका रूपमा रहेका छन् ।

### तथ्य सङ्कलन

प्रस्तुत शोधकार्यलाई व्यवस्थित, वैध, प्रमाणित बनाउन तथ्य सङ्कलनको विभिन्न स्रोत तथा प्रक्रियाहरूबाट तथ्याङ्क सङ्कलनका सामाग्रीहरूमा पात्रहरूको वर्गीकरण गरिएको तालिका, चयन, विचलन, भाषिक आधारमा अग्रभूमि निर्माण र समानान्तरताको प्रयोग भएका उदाहरणहरूलाई सामग्रीका रूपमा लिइएको छ । प्राथमिक स्रोतका सामग्रीहरू पुस्तकालयीय अध्ययनबाट प्राप्त गरिएको छ । द्वितीयक स्रोतका सामग्रीहरू विभिन्न पुस्तक, पत्रपत्रिका, इमेल, इन्टरनेट, शोधपत्र, शोधप्रबन्ध, लेख, रचना आदि स्रोतबाट सङ्कलन गरिएको छ । अतः उल्लिखित साधनहरूको प्रयोग गरी पुस्तकालयीय अध्ययनका आधारमा तथ्यहरू सङ्कलन गरिएको छ ।

### अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसार रहेको छ :




चित्र सङ्ख्या ३, *अवधारणात्मक ढाँचा*

## नतिजा र छलफल

प्रस्तुत शोधकार्य *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रहेको छ । यस शोधकार्य शैलीवैज्ञानिक क्षेत्रसँग सम्बन्धित भएकाले भाषिक एवम् संरचनात्मक शैलीवैज्ञानिक विश्लेषण पद्धतिद्वारा गुणात्मक स्रोतबाट प्राप्त सामग्रीलाई व्याख्या र विश्लेषण गरिएको छ । यस शोधकार्यमा विभिन्न विधिहरूमध्ये वर्णनात्मक विधि, विश्लेषणात्मक विधि र पुस्तकालय अध्ययन विधिलाई अपनाइएको छ । यस उपन्यासमा विद्यमान रहेका पात्रहरूलाई वैज्ञानिक आधारमा व्याख्या र विश्लेषण गरिएको छ । चरित्रचित्रणका शैलीवैज्ञानिक आधारहरूमा कार्य, स्वभाव, जीवनचेतना, आबद्धता रहेका छन् र यिनै आधारहरूमा तालिकीकरण गरिएको छ । उक्त उपन्यासमा प्रयुक्त भाषिक पक्षको विश्लेषण अग्रभूमि निर्माणका आधारमा गरिएको छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा सात अध्याय रहेका छन् । पहिलो अध्यायमा शोधपरिचय रहेको छ । जसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्य, शोधको औचित्य, सीमाङ्कन रहेको छ । दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकनअन्तर्गत सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन, पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोग साथै शैलीविज्ञानको सैद्धान्तिक अवधारणाबारे पनि चर्चा गरिएको छ । त्यसैगरी तेस्रो अध्यायमा अनुसन्धान विधिअन्तर्गत अनुसन्धान ढाँचा, नमूना छनोट प्रक्रिया, तथ्य सङ्कलन प्रक्रिया, तथ्य सङ्कलनका साधन, अवधारणात्मक ढाँचा, नतिजा र छलफल, शोधको रूपरेखा र अन्तिममा सारांश प्रस्तुत गरिएको छ । चौथो अध्यायमा प्रस्तुत शोधको उद्देश्यअनुसार अध्ययन गरिएको छ, जसमा *प्रिय सुफी* उपन्यासको कथानक संरचनाको व्याख्या तथा विश्लेषण र अन्त्यमा अध्यायको सारांश प्रस्तुत गरिएको छ । यस शोधकार्यको पाँचौ अध्यायमा विवेच्य कृतिको पात्रविधानको अध्ययन गरिएको छ भने छैठौँ अध्यायमा चयन, विचलन र समानान्तरताको भाषिक विश्लेषण प्रस्तुत गरिएको छ । त्यसैगरी सातौँ तथा अन्तिम अध्यायमा उपसंहार तथा निष्कर्षअन्तर्गत प्रस्तुत शोधकार्यको निष्कर्ष र उपादेयता प्रस्तुत गरिएको छ भने अन्त्यमा सन्दर्भ सामग्रीसूची र व्यक्तिवृत्त प्रस्तुत गरी यस शोधकार्यलाई पुरा गरिएको छ ।

## सारांश

शोधपत्रको तेस्रो अध्यायमा शोधविधिका शीर्षकहरू राखिएका छन् । यस क्रममा अवधारणात्मक ढाँचाको चित्र, अनुसन्धान कार्य गर्दा अपनाइएको विधिको ढाँचाअन्तर्गत पुस्तकालयीय कार्यद्वारा गुणात्मक अध्ययन ढाँचाको प्रयोग, नमुना छनोट प्रक्रियामा सम्भाव्य नमुना छनोटको प्रयोग, सामग्री सङ्कलन गर्दा प्रयोग गर्ने सामग्रीहरूका स्रोतअन्तर्गत प्राथमिक स्रोतमा *प्रिय सुफी* उपन्यास र द्वितीयक स्रोतहरूमा पूर्वकार्यहरू, इमेल, इन्टरनेटको प्रयोग, त्यसैगरी तथ्याङ्क सङ्कलन गर्दा प्रयोग गरिएको साधनहरू पुस्तकालयीय अध्ययनबाट उल्लिखित साधनको प्रयोग गरी तथ्य सङ्कलन गरी प्रस्तुत गरिएको छ र अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय चार

## *प्रिय सुफी* उपन्यासको कथानक

नेपाली साहित्यको फाँटमा युवा प्रतिभाको रूपमा आफ्नो परिचय स्थापित गर्न सफल सुबिन भट्टराई विशेषतः युवा वर्गका माझमा लोकप्रिय उपन्यासकारका रूपमा रहेको पाइन्छ । नेपाली भाषाका माध्यमबाट युवावर्गका बिचमा लोकप्रिय बन्न सफल र साहित्य जगत्का अब्बल उपन्यासकार भट्टराईका थुप्रै उपन्यासहरू प्रकाशित भएको पाइन्छ । भट्टराईले समाजमा घटेका घटनाहरूलाई यथार्थ रूपमा आफ्ना कृतिमा उतारेको पाइन्छ । सामाजिक यथार्थवादी, प्रेमका संयोग र वियोग, युवा वर्गका मनमा भएका उथलपुथलको चित्रण लगायत विकृति र विसङ्गतिको भण्डाफोर उनका उपन्यासमा भएको पाइन्छ । यिनका उपन्यासमा आर्थिक, सामाजिक, पारिवारिक र मनोकुण्ठित भावनालाई समस्याका रूपमा प्रस्तुत गरेको पाइन्छ । उपन्यासमा रूढीवादी विचार तथा मान्यतालाई स्थान दिँदै घटनाहरूलाई यथार्थका रूपमा प्रस्तुत गरिएको छ । नेपाली साहित्य उपन्यास लेखनको क्रममा विशिष्ट पहिचान राख्न सफल भट्टराईको *प्रिय सुफी* उपन्यासको कथानकलाई यसप्रकार प्रस्तुत गरिएको छ :

*प्रिय सुफी* उपन्यासमा म पात्र वीरगञ्जबाट काठमाडौँ आउने तरखरमा गाडीमा यात्रा गर्ने क्रममा बाटोमा गाडी बिग्रन्छ र उसले त्यस स्थानबाट अर्को सुमोमा चढेर काठमाडौँ आउने क्रममा गाडीमा रहेका यात्रीहरूलाई कथा सुनाउने इच्छा व्यक्त गर्छे र यहीँबाट उपन्यासको कथानकको सुरुवात भएको छ । म पात्रले आफ्नो जीवनमा घटेका घटनाहरूको बारेमा गाडीमा यात्रा गरेका अन्य व्यक्तिहरूलाई सुनाउँछे ।

सदा एक साधारण केटी हो । ऊ त्रिचन्द्र कलेजमा बायोलोजीको मास्टर्स पहिलो सेमेस्टर पढ्दै थिई । ऊ कलेजमा रहँदा निकै खुशी हुन्थी । उसलाई बिस्तारै उसकै सहपाठी सार्थक मनपर्न थाल्यो । ऊ बिस्तारै सार्थकको प्रेममा पर्न थाली । त्यस्तैमा सार्थकले एकदिन सदासँग परिचय गऱ्यो सदाले पनि सार्थकसँग परिचय गरी । परिचयकै क्रममा सार्थकले सदासँग फोन नम्बर माग्यो । सदाले विभिन्न बहाना बनाएर उसलाई नम्बर दिइनन् । सदाले फोन नम्बर नदिएपछि सार्थकले विभिन्न बहाना बनाएर उसको फोन नम्बर प्राप्त गऱ्यो । सार्थकले विभिन्न बहाना बनाउँदै उसलाई फोन गर्न थाल्यो ।

बिस्तारै उनीहरूबिचमा कुराकानी हुन थाल्यो । केही समयपछि उनीहरू साथी बने । उनीहरूबिच कुराकानीको क्रम बढ्दै गयो । यस्तैमा एकदिन सार्थकले सदालाई प्रेम प्रस्ताव राख्यो । सदाले सार्थकको प्रेम त चाहेकी थिई तर कमजोर प्रेम होइन । ऊ प्रेमको डोरी बाट्न चाहन्थी, जुन प्रेम जस्तोसुकै कठिन परिस्थितिमा पनि सफल हुन सकोस् । सदाले सार्थकलाई विभिन्न बहानाहरू बनाएर परीक्षा लिन थाली । सार्थकले पनि सदालाई पाउनका लागि ती सम्पूर्ण परीक्षाहरूमा मेहनतका साथ कोसिस गर्ने वाचा गऱ्यो । .सदाले सार्थकलाई चुरोट छाड्न भनी, त्यो सार्थकलाई निकै गाह्रो काम थियो तर पनि उसले आफ्ना चुरोटे साथीहरूसँग सङ्गत छाड्यो र चुरोट पनि बिस्तारै छाड्यो । उसले दोस्रो परीक्षा छ केजी तौल दुई महिनामा घटाएर देखाउनु पऱ्यो । उसले प्री बोर्ड एक्जाममा टप सिक्समा आएर देखाउनु पर्ने भयो । सार्थकले जोडतोडले मेहनत गऱ्यो तर पनि सार्थक यो परीक्षामा सफल हुन सकेन । ऊ टपटेनबाटै बाहिर पऱ्यो तर पनि सदाको प्रेममा ऊ पहिले नै सफल भएको थियो । यसरी नै उनीहरूको प्रेम भयो ।

सुफी सदाकी बहिनी थिई । सदा आफ्नो बहिनीलाई सानोमा ज्यादै माया गर्थी । बिस्तारै उमेर बढ्दै जाँदा सदाभन्दा सुफी सबै कुराहरूमा अगाडि आउन थाली । यो देखेर सदाले सुफीलाई मनपराउन छाडी । सदा र सार्थकबिचको प्रेम झाँगिदै गएको थियो । सदाले सार्थकलाई बाबा नभएको समयमा आफ्नो घरमा पनि लाने गर्थी । ऊ सकेसम्म सुफीबाट टाढा रहने प्रयास गर्थी । एकदिन अचानक सदाको घुँडामा दुखाइ भयो, उसले सार्थकलाई लिएर अस्पताल गई । उनीहरू जँचाएर औषधि लिएर फर्किए । उसलाई त्यो औषधिले कुनै काम गरेन, सदा थला पर्दै जान थाली । जतिसुकै डाक्टरलाई देखाए पनि उसको त्यो रोगको पीडा कत्ति पनि घट्दैनथ्यो । उसका बाबु भाष्करले सुनेका जति सबै डाक्टरलाई देखाए तर सदाको त्यो रोग केही गरे पनि सन्चो भएन । बिस्तारै सदा आफ्नो कोठाबाट बाहिर निस्कन नसक्ने भई । उसले सधैँ घृणा गरेकी बहिनी सुफीले हाँसीहाँसी आफ्नी दिदीको सेवा गर्न थाली ।

सार्थक कहिलेकाहीँ सदालाई भेट्न आउनेजाने गर्दथ्यो । सदा यति थला परी कि उसलाई त ट्वाइलेट जान पनि समस्या हुन थाल्यो । सुफीले कुनै पनि झन्झट नमानिकन उसको सेवा गर्न थाली । सदालाई उसले पहिले सुफीप्रति गरेको व्यवहारको पश्चाताप हुन थाल्यो सार्थक बिस्तारै सदाबाट टाढा हुन थाल्यो । आउनेजाने क्रम घटाउन थाल्यो र फोन गर्न पनि छाड्यो । सुफी र भाष्करले सदाको धेरै सेवा गर्न थाले । त्यत्तिकैमा सुफीको पनि

विवाह हुने कुरा चल्यो । सबै मिलेर सुफीलाई सम्झाएर बिहेको लागि राजी गरे । उता सुफी भने दिदीको त्यो हालत देखेर विवाहका लागि तयार भएकी थिइनन् । सबै मिलेर सम्झाइबुझाई गरे र सुफीलाई विवाह गर्न राजी गरे । सदालाई चाहिँ सुफीको विवाह हुँदा आफ्नी आमा नै आफूबाट टाढा हुन लागिरहेको जस्तो लाग्यो । सुफी विवाह गरेर गई । सुफीको विवाहपछि सदालाई बाँच्न पनि व्यर्थजस्तो लाग्न थाल्यो । आफ्ना बाबुले उसको हेरविचार र स्याहार गर्नुपर्दा सदालाई आफू बाँचेर अरूलाई समेत समस्या भएको जस्तो ठान्थी । सुफी छुट्टी मिलाएर कहिलेकाहीँ आउनेजाने गर्थी । बहिनी आउने दिन सदालाई अचम्मै खुसी लाग्थ्यो ।

सदालाई रोगले धेरै नै च्याप्दै गयो । सदालाई एकदिन असाध्यै धेरै पीडा भयो । उसले मनमा धेरै कुरा खेलाउन थाली, आफू बाँच्नुभन्दा मर्नु वेश ठानी र आत्महत्या गर्ने योजनाका साथमा सबै औषधीहरू खोली र हातमा लिई । आफ्नो जीवनमा घटेका सबै घटनाहरू पालैपालो सम्झन थाली । सार्थकलाई सम्झी, उसको प्रेम र धोकालाई सम्झी, सुफीलाई सम्झी, बाबालाई सम्झी, आफ्नी आमालाई सम्झी । उसलाई यति सम्पूर्ण कुराहरू सोच्दासोच्दै उसको बाबाको अनुहार हेर्न मन लाग्यो र घिस्रिँदै बाबाको कोठासम्म पुगी । बाबालाई मनभरी हुनेगरी हेरी र फर्की । खाटमा पुगेर सुफीलाई सम्झदै डायरीमा चिठी लेख्न थाली । चिठी लेखिसकेपछि औषधिको एक चक्की मुखमा हाली । उसलाई झट्ट जीवनप्रतिको मोह लाग्यो । उसले हार नमान्ने अठोट गर्न थाली । उसले आफ्नो जीवनको मूल्य केलाउन थाली र हिम्मत नहारी अब ऊ आफ्नो बाबुका लागि भए पनि बाँच्ने अठोट गरी । भोलिपल्ट उसले बाबुलाई सबै कुरा बताई । भास्कर छोरीको यस्ता कुरा सुनेर बेस्सरी रोए । उसले बाबुलाई पुनः डाक्टरकोमा जाने भन्न थाली । डाक्टर गुप्ताले उसको सम्पूर्ण चेकजाँच गरे छिटै निको हुने आश्वासन पनि दिए, नभन्दै सदा बिस्तारै ठिक हुँदै गई । एक दिनपछि अर्को दिन तन्दुरुस्त हुँदै गई । उसले आफूमा आएका सोच र विचारहरूलाई समेटेर एउटा डायरी तयार पार्ने कोसिस गरी । यो डायरी उसले सुफीलाई पढ्न दिई । सुफीले उसको डायरी पढेपछि त्यसलाई छपाउन आउन आग्रह गरी, सदा त्यसलाई छपाउन विभिन्न छापाखानामा पुगी । अन्त्यमा उसको डायरी क्रियटिभ पब्लिकेसनका विराज श्रेष्ठले छाप्नका लागि मञ्जुरी गरे ।

उनले उक्त डायरी पढेर सदालाई सानो उमेरमा पनि धेरै राम्रो र गहकिलो लेख लेख्न सकेकोमा आफू आश्चर्यचकित भएको बताउँछन् । तीन महिनापछि उसको पुस्तक

प्रकाशन हुन्छ । सदाले प्रकाशन भएको आफ्नो पहिलो पुस्तक सुफीलाई दिई, सदाको पुस्तक बेस्ट सेलर भयो । उसका प्रशंसकहरू जहाँतहीँ भेटिन थाले, सदाको त्यो सफलतामा सबैले उसलाई हौसला दिए । एकदिन सदाको भेट सार्थकसँग भयो, उसले सार्थकलाई टाढैबाट चिनेर बोलाइ, सदाले मात्र सन्चोबिसन्चो सोधी र आफ्नो बाटो लागी । उसले सार्थकको घृणाको कारणले नै आफ्नो जीवन मोडिएकोमा सार्थकलाई मनमनै धन्यवाद दिई ।

'सदाको कथा यति नै हो' भन्दै उसले बिट मारी । गाडीमा रहेका अन्य यात्रीले सदालाई आफूहरूलाई एउटा प्रेरणामूलक कथा सुनाएर जीवनमा सकारात्मक सोच बढाएकोमा धन्यवाद दिए । सदा गाडीबाट ओर्लिई र आफ्नो गन्तव्यतर्फ लागी ।

**आरम्भ**

यस उपन्यासमा प्रमुख पात्रका रूपमा सदा र सुफी रहेका छन् । सहायक पात्रका रूपमा सार्थक, भाष्कर रहेका छन् भने गौण पात्रका रूपमा सार्थकका साथीहरू, सदाका साथीहरू, अस्पतालका डाक्टरहरू, फुपू, छिमेकीहरू आदि रहेका छन् । म पात्र काठमाडौँ आउनका लागि गाडी चढ्छे । काठमाडौँका लागि छुटेको माइक्रो बाटोमा बिग्रन्छ । उसले आफ्ना केही चिनजानका व्यक्तिलाई फोन गरेर अर्को माइक्रो मिलाइदिन आग्रह गर्दछे । केही समयमा नै त्यहाँ अर्को माइक्रो आइपुग्छ, ऊ माइक्रोमा चढ्छे । ऊ चढेको माइक्रोमा अन्य व्यक्तिहरू पनि रहेका हुन्छन् । टाढाको बाटो नबोलीनबोली कसरी जाने भनेर सदाले नै उनीहरूसमक्ष कुरा गर्ने वातावरणको सिर्जना गर्छे । उक्त माइक्रोमा एक परिवार हुन्छ, जसमा उनको सत्रअठार वर्षे छोरा पनि हुन्छ । उसले प्रेमिकाले धोका दिएको बहानामा आत्महत्या गर्ने कोसिस गरेको हुन्छ । उसलाई लिएर उनीहरू काठमाडौँ उपचारको लागि हिँडेका हुन्छन् । सदाले "टाढाको बाटो छ, बाटो त काट्नु पऱ्यो त्यसैले एउटा कथा सुनाउँछु है" भन्दै उनीहरूसमक्ष प्रस्ताव राख्छे । उनीहरूले स्वीकृति दिन्छन् । त्यसपछि सदाले आफ्नो कथा सुरु गर्छे ।

सदा त्रिचन्द्र कलेजमा माइक्रो बायोलोजीको पहिलो सेमेस्टर पढ्दै हुन्छे । उसलाई आफ्नो सहपाठी सार्थक मनपर्छ । उसलाई घर बिरानो लाग्थ्यो कलेज चाहिँ एकदमै धेरै रमाइलो लाग्ने गर्दथ्यो । ऊ बिस्तारै सार्थकलाई एकोहोरो मन पराउन थाली । एकदिन सार्थकले ऊसँग परिचय गऱ्यो । सदाले पनी ऊसँग परिचय गरी । बिस्तारै उनीहरू एकआपसमा साथी बन्न थाले । सदाले सार्थकलाई आफ्नो फोन नम्बर दिनका लागि निकै

आनाकानी गरेकी थिई । उसले विभिन्न बहानामा सदाको नम्बर प्राप्त गर्छ । एकदिन सार्थकले सदालाई प्रेम प्रस्ताव राख्दछ । सदाले उसको प्रेम चाहे तापनि उसलाई सहज रूपमा स्वीकार गर्दिन । विभिन्न बहानाहरू बनाएर उसलाई परीक्षा लिइरहेकी हुन्छे । सार्थकले सदालाई अन्तरहृदयदेखि नै प्रेम गरेको हुन्छ । जसले गर्दा सदाले दिएका प्रत्येक परीक्षाहरूलाई उसले सहज रूपमा स्वीकार गर्दछ । सदाले दिएका प्रत्येक परीक्षाहरूमा सार्थकले आफ्नो तर्फबाट सक्दो मेहनत गरेको हुन्छ, त्यतिन्जेलसम्ममा सार्थक सदाको मनमा बसिसकेको हुन्छ । सदाले सार्थक मनपराए पनि सार्थकलाई मन पराएको कुरा नभन्नु, सार्थकले सदालाई पाउनको निम्ति विभिन्न परीक्षाहरू दिन तयार हुनुसम्मका घटनाहरूलाई आरम्भको रूपमा लिइन्छ ।

## सङ्घर्ष विकास

यस उपन्यासमा सङ्घषविकासको रूपमा म पात्रले मनपराएको सार्थकले नै उसलाई प्रेम प्रस्ताव राख्नु हो । सदाले उसलाई टाढाबाटै हेरेर मात्र मन पराएकी हुन्छे । म पात्रले उसलाई आफ्नो प्रेमी मनबाटै स्वीकार गरे तापनि सार्थकलाई विविध परीक्षाहरू दिन लगाउँछे । सदाको साथ पाएपछि सार्थकले ती सम्पूर्ण परीक्षाहरूमा उत्तीर्ण भएर देखाउँछ । आफूले लिएका कठिन परीक्षाहरूमा सार्थक सफल भएपछि उसले आफ्नो भावना बताउँछे । आफूले पनि उसलाई माया गर्ने कुरा सार्थकलाई बताउँछे । सदासँगको सामीप्यताका लागि सार्थकले उसले दिएका सम्पूर्ण परीक्षाहरू हाँसीहाँसी स्वीकार गरेको हुन्छ । सदाका लागि सार्थकले चुरोट खान छोड्छ, विभिन्न माध्यमबाट उसको फोन नम्बर पत्ता लगाउँछ । सार्थकले सदाले लिएका सम्पूर्ण परीक्षाहरूमा पास भएपछि उनीहरूबिचको सम्बन्ध प्रगाढ हुँदै जान्छ । सदाले आफ्नी बहिनी सुफीलाई मन पराउँदिन । उसले सुफी आफूभन्दा सबै कुरामा अब्बल रहेको कारणले पनि हरेक बहाना बनाएर उसलाई पछि पार्ने कोसिस गरिरहेकी हुन्छे । सदालाई सुफी आफूभन्दा हरेक कुरामा अगाडि रहेको महसुस हुन्छ । सुफी हरेक कुरामा अब्बल थिई । ऊ सदाभन्दा छिट्टै नै मानिसहरूसँग घुलमिल हुन सक्ने क्षमताकी थिई । सदाले सुफीलाई जतिसुकै घृणा गरे तापनि सुफीले सदाको सानासाना कुराहरूलाई पनि ख्याल गरिरहेकी हुन्थी ।

यस्तैमा सदालाई बाथरोगको लक्षण देखापऱ्यो । उसले दसबाह्र दिन वास्तै गरिन र कसैलाई पनि भनिन । उसको दुखाइ दिनप्रतिदिन बढ्दै गएपछि उसले सार्थकलाई यो कुरा भन्ने आँट गरी । सार्थक आयो र सदालाई हस्पिटल लिएर गयो । सदाले डाक्टरलाई देखाइ

केही औषधि लिएर उनीहरू घर फर्किए । सदाको दुखाइ दिनप्रतिदिन बढ्न थाल्यो । ऊ कलेजसम्म पनि जान नसक्नु, उसले आफ्नो साथीहरूलाई धेरै याद गर्नु, सार्थकले उसलाई कलेजमा भएका प्रत्येक गतिविधिहरूलाई फोनमार्फत बताउनुसम्मको घटनालाई सङ्घषविकासको रूपमा लिन सकिन्छ ।

## चरमोत्कर्ष

*प्रिय सुफी* उपन्यासमा सदा र सार्थकको प्रेम झाँगिन नपाउँदै सदालाई बाथरोगले समात्छ । उसको उपचार गराए तापनि ऊ दिनप्रतिदिन झन्झन् कमजोर बन्दै गइरहेकी हुन्छे । बिस्तारै ऊ हिँडडुल गर्न पनि नसक्ने अवस्थामा पुग्छे । ऊ बिरामी भएदेखि आफ्नो कलेजलाई निरन्तरता दिन पनि सक्दिन । उसलाई कलेजमा भएका गतिविधिहरू र विभिन्न पढाइएका पाठहरू सार्थकले फोनका माध्यमबाट प्रत्येक दिन गराउने गर्दछ । सार्थकले सदालाई खुसी बनाउनका लागि समयसमयमा उसको हेरविचार गरिरहन्छ र भेट्न पनि आइरहन्छ । सदाका बाबा भाष्करले सदालाई विभिन्न डाक्टरहरूकोमा जँचाउन लैजान्छन् । उनीले सदालाई सन्चो बनाउन नेपालका चर्चित डाक्टरहरू कहाँ लैजान्छन् । सदा बिस्तारै झन् थलिँदै जान्छे । ऊ हिँडडुल गर्न पनि नसक्ने हुन्छे । उसको यो अवस्थामा उसकी बहिनी सुफीले नै उसलाई स्याहारसुसार गरिरहेकी हुन्छे । सदा यतिसम्म थला पर्छे कि ऊ आफ्नो दिसापिसाव गर्न ट्वाइलेटसम्म जान पनि सक्दिन । सदा थलिँदै जाँदा सुरुसुरुमा सार्थकले दिनहुँ फोन गर्ने र हालखबर बुझ्ने गर्दथ्यो । बिस्तारै उसको फोन आउने क्रम पनि घट्दै जान थाल्यो । उसले कलेजमा भएका विभिन्न घटनाहरू सदालाई सुनाउन पनि छोड्दै गयो । बिस्तारै उसले बोलचाल र आउनेजाने क्रम पनि घटाउँदै गयो । सदाकी बहिनी सुफीले नै दिदीको सम्पूर्ण स्याहारसुसारमा कत्ति कमी नराखिकन गर्ने गर्दछे । सदाले सधै सुफीलाई व्यवास्ता गर्ने, घृणा गर्ने, मतलब नगर्नेजस्ता कार्य गरे तापनि सुफीले सदालाई सधैँ माया र आदर देखाउँछे । सदाले आफूले सुफीप्रति गरेको व्यवहारको पश्चात्ताप गर्छे, सदा थला परेको वर्ष दिन बित्छ । साथर्कले सदासँग अब आफ्नो सम्बन्ध अगाडि नबढ्ने कुरा बताउँछ । सदा सार्थकले आफूलाई धोका दिएको र आफ्नो रोग कहिल्यै निको नहुने ठानी आत्महत्या गर्ने कोसिस गर्छे । उसले जीवनदेखि हरेस खाएर आत्महत्याको निर्णय गर्छे । उसले हातभरि औषधिका चक्कीहरू फोरेर लिन्छे र ती सबैलाई खाएर संसारबाट बिदा हुन चाहन्छे । त्यसैक्रममा सदाले सबैलाई बारम्बार सम्झन्छे । सुफीलाई सम्झन्छे, सार्थकलाई सम्झन्छे, आफ्ना कलेजका साथीहरूलाई सम्झन्छे र बुबालाई

सम्भन्छे । उसलाई त्यति नै बेला बुबाको अनुहार हेर्ने मन लाग्छ । ऊ घस्रँदै बुबालाई हेर्न जान्छे । बुबालाई हेरेर फर्किएपछि सुफीलाई चिठी लेख्नथाल्छे । यसैक्रममा उसलाई जीवन अनमोल लाग्छ । उसले आत्महत्या गर्ने निर्णयलाई तत्कालै नकारेर बाँच्नुको अर्थ खोज्न थाल्छे । सदाले आत्महत्या गर्न नसकेपछि बाँच्नुको अर्थ खोज्न गरेको सङ्घर्षलाई यस उपन्यासको चरम अवस्थाका रूपमा लिइन्छ ।

### सङ्घर्षह्रास

*प्रिय सुफी* उपन्यासमा सदा र सार्थकबिचको प्रेम बिस्तारै सेलाउँदै जान्छ । सदाले आफूलाई सम्हाल्दै जान्छे । सार्थक सदाको घरमा आएर आफूहरूको सम्बन्ध अगाडि नबढ्ने भन्ने कुरा सदालाई बताएपछि सदाले आफ्नो जीवन नै अन्त्य भएको महसुस गर्छे । उसले आफ्नो बिहिनी सुफीप्रति नै आफ्नो ध्यान केन्द्रित गर्ने कोसिस गर्छे । सार्थकले दिएको पीडालाई सहन सदालाई निकै गाह्रो पर्दछ । सार्थकले दिएको चोटले उसमा हिम्मत आउनथाल्दछ । पहिले ऊ सानासाना कुराहरूमा झर्कने गर्थी तर अहिले ऊ सानासाना कुराहरूमा पनि खुसी खोज्ने गर्छे । उसले आफ्नो आत्मबललाई दह्रो बनाएर रोगसँग लड्ने र जित्ने प्रतिज्ञा गर्छे । सदाले आफूलाई भित्रैबाट दह्रो बनाएपछि रोगसँग लड्न सकिन्छ भन्ने कुरा बुझ्दछे । उसले आफ्नो बाबालाई हस्पिटल लिएर जानको लागि अनुरोध गर्छे । सार्थकले धोका दिनु, सदाले आफ्नी बहिनी सुफीलाई माया गर्नु, पुनः बाँच्ने आशा पलाउनु आदि घटना सङ्घषह्रासका रूपमा रहेका छन् ।

### उपसंहार

*प्रिय सुफी* उपन्यासमा सदा र सुफीबिचको दुरी पनि नजिकिँदै जान्छ । सदालाई दुःख पर्दा सुफीले निकै स्याहारसुसार गर्छे । सदाले कहिल्यै माया नगरेकी, सधैँ हेलाको दृष्टिले मात्र हेर्ने गरेकी सुफीले उसलाई यति धेरैमा गरेको देख्दा उसलाई आफूले गरेको व्यवहारको पश्चात्ताप लाग्छ । उसले सार्थकलाई मनैदेखि चाहेकी थिई । उसले धोका दिँदा सदाले जीवनको अन्त्य भएको ठानी तर पनि उसलाई यो धोकाले झनै बढी आत्मबल प्रदान गर्‍यो । उसले आफूलाई कमजोर नबनाई लड्ने आँट बटुल्न सफल भई । सदाले आफ्नो जीवनको महत्त्व बुझ्न थाली । ती सम्पूर्ण दुःख कष्टबाट निस्कने नयाँ मार्ग खोज्न थाली । समाजले उसलाई विचरा भनेको उसलाई मन पर्दैन । ऊ त्यो दलदलबाट निस्कने खोजी गर्न थाली । यो साहसले नै उसले ती सम्पूर्ण समस्याहरूलाई जित्न सफल भई ।

उसको शरीर बिस्तारै दिनप्रतिदिन ठिक हुँदै गयो । उसले यी सम्पूर्ण घटनाहरूलाई आफ्नो डायरीमा उतार्दै जान थाली । उसको आत्मविश्वासको अगाडि रोगले घुँडा टेक्यो । उसले आफूले लेखेको डायरी सुफीलाई देखाइ । सुफीले उक्त डायरी छपाउन आग्रह गरी । सुफीले सदालाई डायरी छपाउन सहयोग गरी । उसको डायरी क्रियटिभ पब्लिकेसनले छाप्ने तयारी गऱ्यो । सदा पुनः कलेज जान थाली । उसले आफ्नो लक्ष्य प्राप्त गर्ने अठोट गरी । उसको त्यो लेख बजारमा आएर अहिलेसम्मकै सर्वाधिक बिक्री भएको पुस्तक बन्न सफल भयो । उसको त्यो सफलतापछि सदाले सार्थकलाई मनमनै धन्यवाद दिई । सार्थकले त्यो चोट दिएर नै सदाको जीवनले नयाँ गति प्रदान गऱ्यो । उसले आफ्नो जिन्दगीलाई पनि धन्यवाद दिई । यसरी उपन्यासको अन्त्य हुनुलाई उपसंहार मान्न सकिन्छ ।

## सारांश

यस अध्यायमा *प्रिय सुफी* उपन्यासको कथानक संरचनामा आधारित रहेर उपन्यासलाई विश्लेषण गरिएको छ । कथानकको आरम्भ भागमा उपन्यासको प्रमुख पात्र सदा, सार्थक, सुफीलगायत अन्य पात्रहरूको परिचय र यी पात्रहरूले सामना गर्नुपरेको समस्याहरूको पूर्वसङ्केत दिइएको छ । त्यस्तै सङ्घर्ष विकासअन्तर्गत सार्थकले उसलाई प्रेम प्रस्ताव राख्नु, सदाले उसलाई मनबाट स्वीकार गरे पनि विविध परीक्षा लिनु, सार्थकले उसलाई असाध्यै चाहनु, बहाना बनाएर उसको फोन नम्बर प्राप्त गर्नु, सदाले लिएका विविध परीक्षामा सार्थक पास हुनु, बिस्तारै उनीहरूको सम्बन्ध प्रगाढ हुँदै जानु, सदाले आफ्नी बहिनी सुफीलाई घृणा गर्नु, सदा बिरामी पर्नु, सार्थकले उसलाई ख्याल गरी हस्पिटल पुऱ्याउनु, बिस्तारै सदा थला पर्नु, कलेज जान नसक्नुसम्मका घटना पर्दछन् । त्यस्तै गरी चरमोत्कर्षअन्तर्गत सदा र सार्थकको प्रेम झाँगिन नपाउँदै सदा बिरामी पर्नु । ऊ थुप्रै हस्पिटल जाँदा पनि केही सुधार नहुनु । सदा थला परेपछि सार्थकको आउने जाने र फोन गर्ने क्रम घट्नु । सदाको स्याहारसुसार उसकी बहिनीले निकै ध्यानपूर्वक गर्नु । सदालाई आफूले सुफीप्रति गरेको व्यवहारको पश्चात्ताप हुनु । आफ्नो यस्तो अवस्था देखेर सदा हार खानु र आत्महत्या गर्ने सोच बनाउनु । त्यस क्रममा उसले आफ्नो विगतदेखि वर्तमानसम्म सम्झनु र आफ्नो जीवन अनमोल लाग्नु । पुनः बाँच्ने चाहना राख्नुसम्म चरमोत्कर्षअन्तर्गत पर्दछ । सङ्घर्षह्रासअन्तर्गत सदा र सार्थकको प्रेम बिस्तारै सेलाउँदै जानु । सार्थकले आफ्नो सम्बन्ध अब अगाडि बढाउन नसकिने भन्नु । सदालाई सार्थकले धोका दिनु, सदाले आफ्नी बहिनी सुफीलाई माया र सद्भाव गर्नुसम्मका घटना सङ्घर्षह्रासका रूपमा रहेका छन् ।

आफूले कहिल्यै माया नगरेकी बहिनीले उसलाई हरेक क्षण साथ दिएको देख्दा आफूले गरेका व्यवहारको पश्चात्ताप लाग्नु, सार्थकको धोकाले उसमा आत्मबल आउनु, ऊ आफू फसेको त्यो दलदलबाट निस्कन खोज्नु, आफूले भोगेका र मनमा लागेका सबै कुराहरू डायरीमा टिप्दै जानु, उक्त डायरीलाई छपाउने पहल गर्नु, सार्थकले दिएको धोकाका कारण नै आफू ठिक भएको र सफलता पाएको मान्दै उसलाई धन्यवाद दिनु र उपन्यासको अन्त्य हुनुलाई उपसंहार मानिएको छ ।

## अध्याय पाँच

## *प्रिय सुफी* उपन्यासमा पात्रगत संरचना

*प्रिय सुफी* उपन्यास प्रेम कथामा आधारित उपन्यास हो । यो धेरै थरीका चरित्रले पूर्ण भएको उपन्यास हो । नेपाली समाज नेपाली समुदायको यथार्थतामा आधारित र युवा वर्गको प्रेमको कुरालाई समावेश गरेको हुनाले यसमा पात्रहरू पनि सोहीअनुरूप रहेका छन् । उपन्यासमा प्रमुख पात्रका रूपमा सदा रहेकी छे । सार्थक, सुफी, भाष्कर सहायक पात्रहरू हुन् । अदिति, नियति, भरोसा, डा. शर्मा, डा. गुप्ता, ठूलोबुबा, ठूलीआमा, शकुन्तला फुपू, छिमेकी गौण पात्रहरू हुन् ।

*प्रिय सुफी* उपन्यासमा प्रयोग भएका पात्रहरूमा सदा उपन्यासकी प्रमुख पात्र हो । सार्थक, सुफी र भाष्कर सहायक पात्र हुन् । उपन्यासमा अन्य गौण पात्रहरू पनि रहेका छन् । उपन्यासमा प्रयोग भएका पात्रहरू निम्नानुसार रहेका छन् :

### सदा

सदा *प्रिय सुफी* उपन्यासकी प्रमुख पात्र हो । ऊ लिङ्गको आधारमा स्त्री पात्र हो । उपन्यासको कथानक यिनै प्रमुख पात्रको वरिपरि घुमेको छ । त्रिचन्द्र कलेजमा अध्ययनरत ऊ आफूले राम्रो काम गरेर सबैले चिन्ने व्यक्ति बन्न सक्नुपर्छ भन्ने सोच राख्छे । कलेजमा पढ्ने क्रममा ऊ आफ्नै सहपाठीको प्रेममा पर्छे । उसले मनमनै चाहन्छे तर भन्ने आँट गर्दिन । यस्तैमा उनीहरूबिच परिचय हुन्छ र बोलचालको प्रक्रिया अगाडि बढ्छ । सदाले सार्थकलाई उसको प्रेम पाउनका लागि विभिन्न परीक्षाहरू दिनुपर्ने भन्छे र उसले सबै परीक्षाहरू पास गर्छ । बिस्तारै यसरी नै उनीहरूको दिनहरू बित्दै गइरहेका हुन्छन् । उनीहरूको प्रेम अङ्कुराउन नपाउँदै अचानक सदाको शरीरको जोर्नीहरूमा दुखाई हुन थाल्छ र सदा बिरामी पर्छे । सदाको उपचार विभिन्न हस्पिटलहरूमा गराइन्छ, तर पनि सदाको रोग सञ्चो हुँदैन र बिस्तारै थलिँदै जान्थे । त्यही समयमा उसको प्रेमीले उसलाई धोका दिन्छ । प्रेमीले दिएको चोट सहन नसकेर उसले प्राण त्याग गर्ने निर्णय गर्छे, तर अचानक उसमा सकारात्मक ऊर्जा आउँछ र यस्तो कार्य गर्न नहुने सोच आउँछ । ऊ सधैँ सकारात्मक सोच राख्ने हुनाले अनुकुल पात्र, समय र परिस्थितिअनुसार मोडिन सक्ने भएकाले गतिशील पात्र, आइपरेको समस्या र समयानुसार परिवर्तन हुने र उपन्यासमा प्रत्यक्ष उपस्थित भएर संवाद गर्ने पात्र भएको कारणले गर्दा मञ्चीय पात्र हो । प्रमुख पात्र र

कथानकको सुरुदेखि अन्तिमसम्म कथानकमा रहेकी हुनाले बद्ध पात्र, समाजको सम्पूर्ण भूमिका निर्वाह गरेकाले वर्गीय पात्र र आफ्नो जीवनमा आएका आरोहअवरोह सबै कुराको सामना गर्दै समयानुकूल रूपमा आफूलाई बदल्न सक्ने भएकाले सदा गतिशील पात्र हो ।

## सार्थक

सार्थक उपन्यासमा सहायक पात्र र लिङ्गका आधारमा पुरुष पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म भए तापनि कृतिमा भूमिका कम भएको कारणले गर्दा सहायक पात्रको रूपमा लिन सकिन्छ । उपन्यासमा म पात्रलाई सहायता गर्ने सार्थक कृतिको मध्यभागमा गएपछि नकारात्मक भूमिका निर्वाह गरी आफूले थुप्रै परीक्षाहरू पास गरी प्राप्त गरेकी प्रेमिका केही समय रोगले थलिएको अवस्थामा उसले साथ दिनको सट्टामा उसलाई चोट पुऱ्याएको छ । म पात्रलाई धोका दिएकाले ऊ प्रतिकूल पात्रका रूपमा आएको छ । जीवनमा आएका उतारचढावलाई सामना गर्न नसकी सकारात्मक पक्षलाई मात्र अँगालेको पाइन्छ । समय र परिस्थितिअनुसार परिवर्तन हुन नसकेकाले ऊ गतिहीन पात्र हो । सार्थक उपन्यासमा उपस्थित भएर विभिन्न संवादहरूमा सक्रिय भएको छ । ऊ कृतिको सुरुवातदेखि अन्त्यसम्म नै रहेकाले मञ्चीय पात्र हो । ऊ कथानकको सुरुदेखि अन्त्यसम्म कथामा रहेको र उसलाई कथाबाट हटाउँदा कृतिको संरचना बिग्रन जाने हुँदा ऊ बद्ध पात्र हो । ऊ आफ्नो निजी स्वभाव र विचारका लागि परिवर्तन भएको पात्र हो, त्यसैले ऊ व्यक्तिगत पात्र हो ।

## सुफी

सुफी उपन्यासमा सहायक पात्र र लिङ्गका आधारमा स्त्रीपात्र हो । सुफीको उपस्थिति उपन्यासमा कथानकको सुरुदेखि अन्त्यसम्म आएको हुनाले मञ्चीय पात्र, जीवनमा आएका हरेक परिस्थितिअनुसार सकारात्मक भूमिका निर्वाह गरेकाले अनुकूल पात्र, सधैँ सकारात्मक रहने र जस्तोसुकै परिस्थितिमा पनि परिवर्तन नहुने हुनाले गतिहीन पात्र हो । ऊ सधैँ सकारात्मक मात्र रहने र समय परिस्थिति जस्तो आए पनि ऊ सधैँ अडिक रहने पात्र हो । उसलाई आफ्नो दिदीले सधैँ घृणा गरेको भाव त अवश्य महसुस हुन्थ्यो, तर ऊ कहिल्यै परिवर्तन हुन चाहिन । उसलाई सदाले तिरस्कार गर्दा पनि ऊ दिदीका हरेक कुराहरूमा चासो राख्ने गर्दथी । दिदी बिरामी भएको समयमा पनि ऊ गाह्रो नमानी हरेक क्षण उसलाई साथ दिईरही । समाजमा रहेको रीतिस्थितिलाई आत्मसात् गर्दै अघि बढ्ने पात्र

भएकाले यो उपन्यासको भूमिकाअनुसार वर्गीय पात्र र कथानकको सुरुदेखि अन्त्यसम्म आएकी र कथामा उसको भूमिका महत्त्वपूर्ण रहेकाले सुफी बद्ध पात्र हो ।

**भाष्कर**

भाष्कर उपन्यासमा सहायक पात्र र लिङ्गका आधारमा पुरुष पात्र हो । उसको उपस्थिति कथानकको सुरुदेखि अन्त्यसम्म भएको हुन्छ । ऊ आफ्नो जीवनमा आएका सम्पूर्ण दुःखकष्ट र उतारचढावलाई सामना गर्ने र सधैं सकारात्मक भूमिका निर्वाह गरेको हुनाले ऊ अनुकूल पात्र, आफ्नो जीवनमा आएका समस्याहरूसँग लड्दै समयअनुरूप परिवर्तन हुनसक्ने गतिशील पात्र, आफ्नो श्रीमतीको निधनको दुःख र पीडालाई मनभित्र दबाउँदै आफ्नो कर्तव्यलाई नै प्राथमिकता दिने र सन्तानको भविष्यको चिन्ता गरी उनीहरूलाई उचित शिक्षा र लालन, पोषण गर्ने एक महान् पिता र समाजका रीतिस्थिति र संस्कारलाई पछ्याउँदै सामाजिक भूमिकाको निर्वाह गर्ने वर्गीय पात्र हो । उपन्यासको कथावस्तु उपस्थित भई संवाद गर्ने भएकाले मञ्चीय र उपन्यासको कथावस्तुमा बाँधिएको हुँदा विषयवस्तु नै मोडिन सक्ने भएकाले ऊ बद्ध पात्र हो ।

माथि प्रस्तुत गरिएका पात्रहरू लगायत उपन्यासमा अन्य पात्रहरूको पनि उपस्थिति रहेको पाइन्छ । अन्य पात्रहरूमध्ये सदाकी आमा, सदाका साथी अदिति, भरोसा, नियति, डा. शर्मा, डा. गुप्ता, ठूलोबुबा, ठूलीआमा, शकुन्तला फुपू उपन्यासमा गौण पात्रका रूपमा उपस्थित भएका छन् । यस उपन्यासमा नेपथ्य पात्रको रूपमा छिमेकी, अस्पतालमा भएका बिरामीहरू, नर्सहरू, क्याम्पसका साथीहरू, क्यान्टिनका कर्मचारीहरू आदिको उपस्थिति रहेको देखिन्छ ।

## पात्रहरूको चरित्र विश्लेषण

शैलीवैज्ञानिक आधारमा उपन्यासका पात्रहरूको चरित्र विश्लेषण निम्नानुसार लिङ्ग, प्रवृत्ति, स्वभाव, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरिएको छ :

### लिङ्गका आधारमा

*प्रिय सुफी* उपन्यासमा प्रमुख पात्र सदा हो । सहायक पात्रको रूपमा सार्थक, सुफी, भाष्कर रहेका छन् । गौण पात्रअन्तर्गत आदिति, नियति, भरोसा, डा. शर्मा, डा. गुप्ता, ठूलोबुबा, ठूलीआमा, शकुन्तला फुपू, छिमेकी, ज्वाइँ, विराज आदि रहेका छन् ।

**प्रवृत्तिका आधारमा**

*प्रिय सुफी* उपन्यासमा अनुकूल पात्रअन्तर्गत सदा र सुफी रहेका छन् । प्रतिकूल पात्रको रूपमा सार्थक र भाष्कर रहेका छन् । गौण पात्रका रूपमा आदिति, नियति, भरोसा, डा. शर्मा, डा. गुप्ता, ठूलोबुबा, ठूलीआमा, शकुन्तला फुपू, छिमेकी, ज्वाइँ, विराज आदि रहेका छन् ।

**स्वभावका आधारमा**

*प्रिय सुफी* उपन्यासमा गतिशील पात्रअन्तर्गत भाष्कर र सदा रहेका छन् । परिस्थिति अनुरूप उनीहरूको स्वभाव परिवर्तन हुन सकेका छन् भने गतिहीन पात्रअन्तर्गत सुफी र सार्थक रहेका छन् । उनीहरू समय र परिस्थितिअनुरूप परिवर्तन हुन सकेका छैनन् ।

**आसन्नताका आधारमा**

*प्रिय सुफी* उपन्यासमा मञ्चीय पात्रअन्तर्गत सदा, सुफी भाष्कर, सार्थक, डा. शर्मा, डा. गुप्ता, ठूलोबुबा, ठूलीआमा विराट, प्रकाश र शकुन्तला फुपू रहेका छन् ।

**आबद्धताका आधारमा**

*प्रिय सुफी* उपन्यासमा बद्ध पात्रअन्तर्गत सदा, सुफी, भाष्कर रहेका छन् । उनीहरूको कृतिको सुरुवातदेखि अन्त्यसम्म कथानकमा बाँधिएर रहेका छन् ।

उपन्यासमा अवस्थित प्रमुख, सहायक र गौण पात्रको शैलीवैज्ञानिक आधारमा निम्नानुसार तालिकीकरण गर्न सकिन्छ :

तालिका नं. १, *शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण*

| वर्गीकरणको आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आशन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पात्रहरू | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| *सदा* | | + | + | | | + | | | + | + | | + | | + | |
| *सार्थक* | + | | | + | | | + | + | | + | | + | | + | |
| *सुफी* | | + | | + | | + | | | + | + | | + | | + | |
| *भाष्कर* | + | | | + | | | + | | + | + | | + | | + | |
| *अदिति* | | + | | | + | + | | | + | + | | | + | | + |
| *नियति* | | + | | | + | + | | | + | + | | + | + | | + |
| *भरोसा* | | + | | | + | + | | | + | + | | | + | | + |
| *डा. गुप्ता* | + | | | | + | + | | | + | + | | + | + | | + |
| *ठूलोबुबा* | + | | | | + | + | | | + | + | | | + | | + |
| *ठूलीआमा* | | + | | | + | + | | | + | + | | | + | | + |
| *फुपू* | | + | | | + | + | | | + | + | | | + | | + |

(नोट : उल्लिखित तालिकामा (+) चिह्नले पात्रको भूमिकालाई सकारात्मक सङ्केत गरेको छ ।)

## सारांश

यस अध्यायमा उपन्यासमा रहेका पात्रहरूको चरित्रअनुरूप वर्गीकरण तालिका प्रस्तुत गरिएको छ । त्यसै आधारमा चरित्रचित्रणअन्तर्गत पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको आधारमा विभाजन गरी पात्रहरू केकस्ता छन् भनी विश्लेषण गरिएको छ । प्रमुख पात्र सदा रहेकी छ भने सार्थक, सुफी, भास्करसहायक पात्रको रूपमा आएका छन् भने सदाका साथी अदिति, भरोसा, नियति, सदाकी आमा, डा. शर्मा र अन्य डाक्टरहरू, छिमेकी पात्रहरूलाई गौण पात्रको भूमिकामा प्रस्तुत गरी पात्रहरूको चरित्रचित्रणको निष्कर्ष निकालिएको छ र अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ ।

## अध्याय छ

## *प्रिय सुफी* उपन्यासको भाषिक विश्लेषण

*प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्रमा विवेच्य उपन्यासमा रहेको भाषाविज्ञानसम्बन्धी अध्ययन गर्ने क्रममा चयन, विचलन र समानान्तरताका आधारमा अध्ययन गरी निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

### चयन

*प्रिय सुफी* उपन्यासको भाषिक चयनलाई शब्द, वाक्य र चिह्न प्रयोगका आधारमा निम्नलिखित रूपमा विश्लेषण गर्न सकिन्छ :

#### शब्दचयन

*प्रिय सुफी* उपन्यासमा समाविष्ट शब्दहरूको चयनलाई निम्नानुसार विश्लेषण गरिएको छः :

**तत्सम शब्द :** *प्रिय सुफी* उपन्यासमा प्रशस्त मात्रामा तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयोग भएका केही तत्सम शब्दलाई उदाहरणका लागि : "तपाईं नै हो ? अगाडि बसिरहेको अधबैंसे पुरुषले सोध्यो" (पृ. २), "चालक गाडी चलाउन मै केन्द्रित थियो" (पृ. ३), "तीन हप्तापछि सदा डा. शर्माका अघिल्तिर उपस्थित भई" (पृ. ८४), "आन्द्राको अप्रेसन गरिएका बुढाले वायु फ्याक्न सुरु गरिसकेका थिए" (पृ. ११४), "बूढाका कुरा सुनेर सदाको आङ सिरिङ्ग भयो" (पृ. ११५), "मेरो त्यो आशय होइन" (पृ. २२४), "हरेक फूलको सुवास भिन्नै हुन्छ" (पृ. २७०) । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका केही तत्सम शब्दहरूका उदाहरणहरू हुन् । उपन्यासमा प्रयोग भएका यस्ता शब्दहरूको अर्थ सहज रूपमा बुझ्न सकिने खालका रहेका छन् ।

**तद्भव शब्द :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही तद्भव शब्दहरूलाई उदाहरणका रूपमा : "सदाले हतारको हात समाइन" (पृ. १०), "आशाले भरिएका आँखा लैजाँदै निकै बेरसम्म हेरे" (पृ. ३), "त्यो सब तिम्रो काम थियो ?" (पृ. २०), "रातको करिब एघार बजेको हुँदो हो" (पृ. ३५), "आज अस्पताल जाने पालो छ" (पृ. ७९), "सार्थकले अलि धेरै नै समय लगायो फर्कनलाई" (पृ. १३८), "यो त मेरी

आमा नै त हो" (पृ. १५४), "अरूका लागि रात सुत्नका लागि हुन्थ्यो" (पृ. २१६) । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका केही तद्भव शब्दका उदाहरणहरू हुन् । उक्त शब्दहरू संस्कृत भाषाबाट रूप परिवर्तन भएर नेपाली भाषामा प्रयोग भएका छन् । जस्तै : हस्त शब्दको रूप परिवर्तन भएर हात, माता शब्दको रूप परिवर्तन भएर आमा, आँखाको नेत्र, कामको कर्म, रातको रात्री आदि ।

**आगन्तुक शब्द :** प्रस्तुत *प्रिय सुफी* उपन्यासमा अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरू बढी मात्रामा प्रयोग भएको र कतैकतै हिन्दी शब्दको प्रयोग पनि भएको पाइन्छ । जस्तै : "ऊ भने अरू प्यासेन्जरभन्दा पाँचसात मिटर पर गएर मोवाइलको नेटवर्क खोजिरहेकी थिई" (पृ. १), "दुई नम्बर पुलमा पुगेर एउटा चिया दोकानअगाडि गाडी साइड लागेर रोकियो" (पृ. २७ ), "म यो चाहन्छु कि, हाम्रो प्रेम ब्रान्ड बनोस्" (पृ. ४४), "एक्जामको नतिजा आयो" (पृ. ४६) । उपन्यासमा अङ्ग्रेजी भाषाबाट आएका शब्दहरू प्यासेन्जर, मिटर, मोवाइल, नेटवर्क, नम्बर, साइड, ब्रान्ड, एक्जाम आदिको प्रयोग भएका छन् भने हिन्दी भाषाबाट आएका शब्दहरूमा नतिजा, बरण्डा आदि रहेका छन् । रेखाङ्कित शब्दहरूको उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दका केही उदाहरणहरू मात्र हुन् ।

**झर्रा र अनुकरणात्मक शब्द :** *प्रिय सुफी* उपन्यासमा थुप्रै झर्रा र अनुकरणात्मक शब्दहरूको प्रयोग भएको पाइन्छ । तीमध्ये केही झर्रा तथा अनुकरणात्मक शब्दका उदाहरणहरू यसप्रकार छन् : "उसलाई लाग्यो बित्थामा सब कोट्याएछु" (पृ. ५), "क्यान्टिनको हल्लाखल्लालाई थोरै भए पनि पछिल्तिर ठेल्दै उनीहरू आफू बसिरहेको कुर्सी सदा नजिक लगेर उसलाई क्वारक्वार्ती हेर्न लागे" (पृ. ९), "पछिल्लो वाक्य सुनेर सदा मिठोसित झस्किई" (पृ. २५), "किताबमा निमग्न भैरहने पढन्ते बूढाले पनि एकपटक तसदालाई पुलुक्क हेरे" (पृ. ११०), "बुढाका कुरा सुनेर सदा खङ्ग्रङ्ग भई" (पृ. ११५), "सुफी दिदीसित गम्लङ्ग अँगालो हालेर रोई" (पृ. २३६) । यी रेखाङ्कित शब्दहरू झर्रा तथा अनुकरणात्मक शब्दका उदाहरणहरू मात्रै हुन् । यी शब्दहरूमा बित्थामा शब्दले त्यत्तिकै वा फोकटमा भन्ने बुझाएको छ, क्वारक्वार्ती शब्दले एकोहोरो हेर्नु वा टोलाउनु भन्ने बुझाएको छ, खङ्ग्रङ्ग शब्दले अकस्मात् डराउनु वा तर्सिनु भन्ने बुझाउँछ । यस्ता शब्दहरू उपन्यासमा प्रशस्त मात्रामा प्रयोग भएका पाइन्छन् ।

**नामपदको चयन :** प्रस्तुत *प्रिय सुफी* उपन्यासमा प्रयुक्त नाम शब्दका केही उदाहरणहरू यसप्रकार रहेका छन् : "काठमाडौंतिरबाट आएको अर्को सुमोले साइड लगायो" (पृ. २) , "दुईचारपटकको केरकारपछि केटीहरूले सदालाई जिस्क्याए" (पृ. ९), "सार्थक सदाको यो परीक्षामा पास हुन सकेन" (पृ. ४६), "उसलाई कसैले माया गरोस् तर गाली पनि गरोस्" (पृ. १६७), "सुफी डायरी लिएर आई" (पृ. २६४) । उपन्यासमा प्रयोग भएका काठमाडौं, सदा, सार्थक, सुफी व्यक्तिवाचक नाम हुन् भने सुमो, परीक्षा, केटी जातिवाचक नाम हुन् । माया, गालीजस्ता शब्द भाववाचक नाम हुन् । रेखाङ्कित शब्दहरू नाम पदका केही उदाहरण मात्र हुन् । उपन्यासमा धेरै नै मात्रामा नाम शब्दको प्रयोग भएको छ ।

**सर्वनामको चयन :** प्रस्तुत*प्रिय सुफी* उपन्यासमा प्रयोग गरिएका सर्वनाम शब्दका केही उदाहरणहरू यसप्रकार रहेका छन् : "उसले लगत्तै ठिटोतिर हेरी" (पृ. ४), "म चढेको सुमो अमलेखगन्जको जङ्गलतिर पुगेर बिग्रियो" (पृ. १), "ऊ प्रेमको यस्तो डोरी बाट्न चाहन्थी जो सितिमिति नचुँडिने होस्" (पृ. ११), "उनीहरू अस्पताल पुगे" (पृ. ६३), "तिमीहरू दुबै कम छैनौ" (पृ. ७१), "ऊ हप्ता दिनपछि फेरी टिचिङ गई, त्यो दिन सार्थकलाई सदाले घरमै बोलाई" (पृ. १६७), "एउटा सेरोफेरो जो ऊसँग हुने गर्थ्यो त्यो अब थिएन" (पृ. २१०), "उसले मनमनै सङ्कल्प गरी म आजबाट मासु खान्न" (पृ. २८०) । उल्लिखित उपन्यासमा म, ऊ, तिमी, उनीजस्ता शब्द पुरुषवाचक सर्वनाम हुन्, जो सम्बन्धवाचक सर्वनाम र त्यो दर्शकवाचक सर्वनाम हो । यहाँ दिइएका रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका केही सर्वनामका उदाहरणहरू हुन् । यस्ता शब्दले उपन्यासको भाषालाई कलात्मकता प्रदान गरेका छन् । यस्ता सर्वनाम पदहरू प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ ।

**विशेषण पदको चयन :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका विशेषण पदका केही उदाहरण : "ऊ पनि झ्यालबाहिरका सुन्दर दृश्यतिर केन्द्रित भई" (पृ. ५), "सार्थकले अलि धेरै समय लगायो" (पृ. १३८), "ऊ खाटबाट उठ्नलाई बीसौँपटक प्रयास गरेकी थिई" (पृ. १५६), "छेउमा नीलो रङ्गको कोपरा राखिएको थियो" (पृ. १४७) । प्रस्तुत उपन्यासमा सुन्दर, नीलो गुणवाचक, बीसौँ र धेरै सङ्ख्यावाचक विशेषण प्रयोग भएका छन् । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका केही विशेषण पदका उदाहरणहरू मात्र हुन् ।

**क्रियापदको चयन :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका क्रियापदका केही उदाहरण : “उसले लगत्तै ठिटोतिर हेरी” (पृ. ४), “ऊ पनि भ्र्याल बाहिरका सुन्दर दृश्यतिर केन्द्रित भई” (पृ. ५), “सदालाई सम्भ्रेर ऊ जिम गरिरह्यो” (पृ. ४२), “प्रेम र कमाइ, इमान्दारी र परिश्रमको मात्र मिठो हुन्छ” (पृ. १२७), “दसपन्ध्र दिन उसले वास्तै गरिन” (पृ. ६१) । यस उपन्यासमा समापिका र असमापिका क्रियापदहरू प्रयोग भएका छन् । हेरी, भई, हुन्छ समापिका क्रियापद हुन् भने गरिरह्यो असमापिका क्रियापद हो । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका केही क्रियापदका उदाहरणहरू मात्र हुन् ।

**क्रियायोगी वा क्रियाविशेषण पदको चयन :** *प्रिय सुफी* उपन्यासमा प्रशस्त मात्रामा क्रियायोगी शब्दहरूको प्रयोग गरिएको छ । तीमध्ये केही उदाहरणहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ : “सार्थक पाँचछ पाइलाहरू अगाडि बढाएर टक्क अडियो” (पृ. २५), “राति पिसाब फेर्न जान पनि उसलाई धौंधौ भयो” (पृ. ४०), “सदालाई खाटबाट जुरुक्क उचालेर ट्याक्सीमा लगेर राखे” (पृ. १०४), “ऊ नखोच्याइकन, नदुखीकन फटाफट हिँडी”  (पृ. ११४), “लौ थाहा छैन भनेर क्वारक्वार्ती हेरे” (पृ. ११७), “सुफी सार्थकलाई पुलुक्क हेरेर मुसुक्क हाँसी” (पृ. १३७), “सुफीकै अङ्गालोमा भुसुक्क निदाएको सदा आफैंलाई पत्तै भएन छ” (पृ. १५५), “आँखा खोल्नेबित्तिकै सदालाई देखेर मुसुक्क हाँसी” (पृ. २७२) । यी उदाहरणमा आएको अगाडि स्थानवाचक क्रियायोगी हुन् भने टक्क, धौंधौ, जुरुक्क, फटाफट, क्वारक्वार्ती, पुलुक्क, मुसुक्क, भुसुक्क रीतिवाचक क्रियापद हुन् । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका क्रियायोगी वा क्रियाविशेषण शब्दका केही उदाहरणहरूमात्र हुन् ।

**नामयोगी शब्द चयन :** प्रस्तुत *प्रिय सुफी* उपन्यासमा प्रयोग गरिएका नामयोगी शब्दका केही उदाहरणहरूमा : “अमलेखगन्जको उकालो ननागुन्जेल स्कर्पियोभित्र कोही कसैसित बोलेन” (पृ. ३), “पछिल्लो वाक्य सुनेर सदा मिठोसँग भ्रस्किई” (पृ. २५), “अर्को दिनदेखि सार्थक दस मिनेट ढिलो कलेज जान थाल्यो” (पृ. ३५), “सार्थकसितको भेट पनि फोनमा मात्रै सीमित भएको थियो” (पृ. १२५), “सदा बाहिर बगैंचातिर आँखा डुलाइरहेकी थिई” (पृ. १४८), “उसले सार्थक आफूभन्दा अगाडि बढेको बिर्सिई” (पृ. २१०) । यस उपन्यासमा सित, सँग, जस्ता

सहभाववाचक नामयोगी हुन् भने देखि, तिरजस्ता स्थानवाचक नामयोगीहरू पनि प्रयोग भएका छन् । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका नामयोगी शब्दका केही उदाहरण मात्र हुन् ।

**निपातको चयन :** *प्रिय सुफी* उपन्यासमा प्रयोग गरिएका निपात शब्दका केही उदाहरणहरूमा : "एउटा स्कर्पियो आउँदैछ परवानिपुरतिर पुग्यो रे" (पृ. २), "यो त अति नै भयो भन्ने लागेपछि महिलातिर हेर्दै कुरा उसले सुरु गरी" (पृ. ३ ), "उसलाई त सदा पाउनु थियो" (पृ. ३४), "केही लगाएर माड्ने कि ?" (पृ. ७८) ?, आज खाऊ न, "सार्थकले भन्यो" (पृ. १३७), "ऊ जान्थी र सदाको लामो भएको नङ काटी दिन्थी" (पृ. १५१), "के यी सब क्षणिक नै हुन् त" (पृ. १७८) ?, "लौ थाहा छैन भनेर क्वारक्वार्ती हेरे" (पृ. ११७), "यो रोग यस्तै नै हो" (पृ. २३९) । उदाहरणमा प्रयोग भएका निपातहरूमा रे, त, न, नै शब्दामिश्रित निपात हुन् भने कि वाक्यामिश्रित निपात हो भने लौ पूर्ववर्ती निपात हो । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका निपात शब्द चयनका केही उदाहरण मात्र हुन् ।

**संयोजक शब्द चयन :** *प्रिय सुफी* उपन्यासमा समाविष्ट केही संयोजक शब्दका उदारणहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ : "स्कर्पियोको ढोका ढ्याम्म लाग्यो र गुड्न थाल्यो" (पृ. ३), "अघिल्लो दिन परेको पानीमा आकाश पनि नुहाएर निलाम्मे देखिन्थ्यो" (पृ. ११), "यो समय सदाले केही होलो महसुस गरी" (पृ. ८९), "सपनाको त्यो गल्ली फेरिआयो" (पृ. १२६), "सुरुमा भाष्कर आफै लान्छु भन्दै थिए तर सदाले धेरै ढिपी गरेकाले पछि विवश भए" (पृ. १३४), "रात यति अन्धमुष्ठी थियो कि आफैंलाई नियाल्न सक्ने स्थिति थिएन" (पृ. १४४), "प्रेम उसको कमजोरी हो वा उसको प्रेम कमजोर हो" (पृ. २११) । प्रस्तुत उपन्यासमा र, पनि, केही, तरजस्ता सापेक्ष संयोजक र कीजस्ता निरपेक्ष संयोजकको प्रयोग भएको पाइन्छ । उपन्यासमा माथि रेखाङ्कित गरिएकाजस्ता प्रशस्त संयोजकहरूको प्रयोग गरिएका छन् ।

**विस्मयादिबोधक शब्दको प्रयोग :** *प्रिय सुफी* उपन्यासमा धेरै मात्रामा विस्मयादिबोधक शब्दको प्रयोग गरिएको छ । केही विस्मयादिबोधक शब्दका उदाहरणहरूमा : सार्थकले आफ्नो फुलिरहेको सास सामान्य भई नसक्दै भन्यो, "हेलो !" (पृ. १२), "आज कत्ती गर्मी छ है !" सदाले भनी (पृ. २३), उफ् ! यो

कस्तो सपना (पृ. ६१), हामीले हाम्री घरकी छोरी बिरामी भएको अरूको मुखबाट सुन्नुपर्ने ! (पृ. ११७), त्यतिबेला भनेकी थिइन्, "तलाई मेरो भान्जासित कुरा चलाउँछु !" (पृ. १८९) । यी उदाहरणहरूमा क्रमशः हर्षवाचक, शोकवाचक, तिरस्कारवाचक र हर्षवाचक विश्मयबोधक शब्दको प्रयोग भएका छन् । माथि दिइएका शब्दहरू उपन्यासमा प्रयोग गरिएका केही विस्मयादिबोधक शब्दका उदाहरण मात्र हुन् ।

**वाक्य चयन**

*प्रिय सुफी* उपन्यासमा समाविष्ट वाक्यहरूको चयनलाई निम्नानुसार विश्लेषण गरिएको छः :

**सरल वाक्य :** *प्रिय सुफी* उपन्यासमा समावेश भएका केही सरल वाक्यका उदाहरणहरूलाई यसरी प्रस्तुत गरिएको छ : "यो प्रश्नको जवाफ दिन भने महिलाले उचित मानिनन्" (पृ. ३), "फोनको नजिक उठेर जानुभन्दा घिस्रेरै जान ठिक लाग्यो" (पृ. १२१), "दाहिने खुट्टाको उसलाई कुनै भर भएन" (पृ. १४५), "सदा हाँस्दै स्कुटीतिर अघि बढी" (पृ. ३०९) । यस्ता वाक्यहरूको बनोट साधारण रहेका देखिन्छन् । प्रस्तुत वाक्यहरू उपन्यासमा प्रयोग भएका केही सरल वाक्यका उदाहरणहरू मात्र हुन् । उपन्यासमा सुरुदेखि अन्त्यसम्म यस्ता सरल वाक्यहरू प्रशस्त मात्रामा प्रयोग भएका पाइन्छन् ।

**संयुक्त वाक्य :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही संयुक्त वाक्यका उदाहरणहरूमा : "एकदुई अरू प्रयास गर्ने ठाउँ पनि थियो नै तर उसलाई अलिकति केटाकेटीपारा अपनाउन मन लाग्यो" (पृ. १७), "भुइँमा झरेका, रुखमा फुलेका, ज्याकारान्डाका फूलहरू एकआपसमा गफ गरिरहेझैं लाग्थ्यो" (पृ. २४), "प्रेम त त्यस्तो होस्, जसले मानिसलाई ब्यूँझाओस् तर नबिझाओस्" (पृ. १६७), "ऊ संसारबाट यति टाढा हुँदै गइछ कि उसलाई आफैदेखि आफैसम्मको दुरी पनि टाढा लाग्यो" (पृ. १८८) । उल्लिखित वाक्यहरू दुई वा दुईभन्दा बढी उपवाक्यहरूलाई त, जसले, किजस्ता योजकको प्रयोग गरिएको छ । यस उपन्यासमा प्रयोग भएका केही संयुक्त वाक्यका उदाहरणहरू हुन्, यस्ता वाक्यको प्रयोग उपन्यासमा पर्याप्त मात्रामा प्रयोग भएको पाइन्छ ।

**मिश्र वाक्य :** *प्रिय सुफी* उपन्यासमा धेरै नै मात्रामा मिश्र वाक्यको प्रयोग गरिएको पाइन्छ । जस्तै : "उनीहरूले प्रेमको यस्तो बाँसुरी बजाएका थिए, जसको मीठो धुन केही समयसम्म गुञ्जिरह्यो" (पृ. ५०), "सार्थक सदालाई हर कुराहरू बताउँथ्यो, जुन सुनिसकेपछि सदा मुस्कुराउँथी" (पृ. ८८), "आँशुले दुःख बोल्छ, हाँसोले सुख बोल्छ" (पृ. १७६), "बहिनी यस्तै थिई, पछिल्लो समयमा उसकी आमा भएकी थिई" (पृ. १७७) । उल्लिखित वाक्यहरू उपन्यासमा प्रयोग भएका केही मिश्रवाक्यका उदाहरणहरू हुन् । यस्ता वाक्यहरू उपन्यासमा प्रशस्त मात्रामा प्रयोग भएका छन् ।

**चिह्नको प्रयोग**

*प्रिय सुफी* उपन्यासमा विभिन्न किसिमका लेख्य चिह्नहरूको प्रयोग भएको पाइन्छ, जुन निम्नानुसार रहेका छन् :

**प्रश्नवाचक चिह्नको प्रयोग :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही प्रश्नसूचक (?) चिह्नका उदाहरणहरूमा : "काठमाडौं केही विशेष कामले कि ?" (पृ. ३), "के तिमी मलाई प्रेम गर्छौ ?" (पृ. २५), "ऊ सुफीलाई तड्पाएर कहाँ खुसी हुन सक्थी ?" (पृ. ५९), "त्यसपछि के भयो ?" (पृ. ९५), "के ऊ साँच्चै मर्दै थिई ?" (पृ. १६६), "उसलाई कसले दिदी भनिरहेछ ?" (पृ. २७७) लगायत अन्य प्रश्नवाचक चिन्हको प्रयोग उपन्यासमा प्रशस्त मात्रामा प्रयोग भएका छन् ।

**योजक चिह्न :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही योजक चिह्न (-) का उदाहरणहरूमा : "ढोका छेउको बोर्डमा फिजिसियनको नाममुन्तिर उनको योग्यता लेखिएको थियो - एम्आरसिपी, एमआरसिपी एडिनवर्क" (पृ. ८२), "त्रिचन्द्र कलेजको परिसरमा चुरोट उसका लागि बिछ्याइएको माइनझैँ थियो, जहाँ छोए मात्र एउटै चिज हुनसक्थ्यो - विस्फोट" (पृ. ४२), "एकदिन आइन् दुईचार रातै बिताउने गरी साठी नाघिसकेकी भाष्करकी दिदी - शकुन्तला" (पृ. १४०) । यी वाक्यहरूमा प्रयोग भएका योजक चिह्नहरूले कुनै वस्तु वा पदको गुण तथा विशेषताहरू प्रस्तुत गरेका छन् ।

**उद्गार चिह्नको प्रयोग :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही उद्गार (!) चिह्नका उदाहरणहरूमा : "सार्थक केसी ! उनीहरूको प्रश्नको भोक मेटाउन सदाले जम्मा दुई शब्द खर्चिई" (पृ. ९) । यस वाक्यमा प्रयोग भएको केसी ! ले सम्बोधन

जनाएको छ । “तिमीलाई दु:ख दिएँ है ! सदाले मुस्कान र औपचारिकता एकैचोटि देखाइ” (पृ. १०२) र “स्वार्थी केटी ! सार्थकले सदालाई आफ्नो अँगालोबाट छुटाउँदै रिसाएर भन्यो” (पृ. १२८), यी दुई वाक्यमा प्रयोग भएका दु:ख दिएँ है ! र स्वार्थी केटी ! ले व्यक्तिमा उत्पन्न मनोभाव प्रकट गरेको छ भने “आफैंलाई सुटुक्क भनी, ह्याप्पी बर्थ डे !” (पृ. २३६) मा प्रयोग भएको ह्याप्पी बर्थ डे ! ले खुसीको मनोभाव व्यक्त भएको छ । यस उपन्यासमा यस्ता चिन्हको प्रयोग प्रयोग व्याकरणिक हिसाबले प्रयोग भएको पाइन्छ ।

**पूर्णविराम चिह्नको प्रयोग :** *प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही पूर्णविराम चिह्नका उदाहरणहरूमा : “डायल गरिएको नम्बरमा फोनको रिङ गयो ।” (पृ. १), “त्यस्तो गाह्रो पनि छैन ।” (पृ. ३८), “उसलाई तत्कालै रुन मन लाग्यो ।” (पृ. १६५), “सुफी घरमा नै पानीपुरी बनाइदिन्थी ।” (पृ. १६६), “सदालाई आजकल धेरै कुरा टाढा लागेको थियो ।” (पृ. १७८), “त्यो पनि आज उसले दुखाएर गयो ।” (पृ. १८७) ।

## भाषिक विचलन

*प्रिय सुफी* उपन्यासमा प्रयोग भएका भाषिक विचलनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### व्याकरणिक विचलन

*प्रिय सुफी* उपन्यासमा प्रयुक्त केही व्याकरणिक विचलनका उदाहरणहरूमा : “ऊ भने अरू प्यासेन्जरभन्दा पाँचसात मिटर पर गएर मोबाइलको नेटवर्क खोजिरहेकी थिई” (पृ. १), “उसलाई ल्याबमा एउटा जुक्ति फुरेको थियो” (पृ. १७), “स्कुलमा एक्जाम दिइरहेका बेला सबैको जोमेट्री बक्स, जाँचको कापी राख्ने बोर्ड चेकिङ भयो” (पृ. ५५), “सदाले चिठी लेखिसकेर डायरीबाट ती पन्ना च्याती” (पृ. २२५), “ट्याक्सी चालक चुप लाग्यो” (पृ. २४०) । यी उदाहरणमा प्रयोग भएका ल्याबमा पुगेको समयमा उसलाई एउटा जुक्ति फुरेको थियो हुनुपर्नेमा अन्यथा प्रयोग भएको छ भने जाँच दिनुभन्दा अगाडि हुनुपर्नेमा जाँच चलिरहेको अवस्था भनिएको छ भने सदाले डायरीमा चिठी लेखिसकेर हुनुपर्नेमा चिठी लेखिसकेर भनेर उपन्यासकारले व्याकरणिक विचलन गरेका छन् । उपन्यासकारले यस्ता प्रशस्त व्याकरणिक विचलनको प्रयोग उपन्यासमा गरेका छन् तैपनि यसले उपन्यासको भाषाशैलीलाई खजमज्याएको भने देखिँदैन ।

**कोशीय विचलन**

*प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही कोशीय विचलनका उदाहरणहरूमा "सबै जाँचपड्ताल गरिसकेपछि उनले प्रेस्क्रिप्सन कार्डमा केही लामै लेखे" (पृ. २४१) । यस वाक्यमा प्रेस्क्रिप्सन प्याड गर्नुपर्नेमा कार्ड लेखी कोशीय विचलन गरेका छन्, "सबै एक से एक आयुर्वेदिक डाक्टर पनि निस्किए"(पृ. १६२) । यस वाक्यमा डाक्टर निस्किए हुनुपर्नेमा पनि थपेर कोशीय विचलन गरेका छन् । "सदा एकदमै हड्बढाएर दौडन थाली" (पृ. ६१) । यस वाक्यमा हड्बडाएर हुनुपर्नेमा हडबढाएर बनाएर कोशीय विचलन गरिएको छ भने "उसको मुटुभित्र डरको डम्फु ड्वाँङड्वाँङ बजिरहेको थियो" (पृ. ३५) मा मुटु ढुकढुक गरिरहेको थियो हुनुपर्नेमा डम्फु ड्वाँङड्वाँङ बजिरहेको बनाएर कोशीय विचलन गरिएको छ ।

**अर्थतात्त्विक विचलन**

*प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही अर्थतात्त्विक विचलनका उदाहरणहरूमा : "सदा र सार्थकका लागि एक्जामको रिजल्ट भारत र पाकिस्तानबीचको क्रिकेट म्याचजतिकै रोचक र सनसनीपूर्ण भएको थियो" (पृ. ४६), "पश्चिमी डाँडोमा हामफाल्न आँरटेको घामको ढाड च्याप्प समातेर रोक्नुजस्तो भैरहेको थियो" (पृ. ६८), "जो दुईचारपटक भुनुभुनु गर्छ, झिँझो लगाउँछ अनि धेरैपटक पाएपछि ठाउँ सर्छ" (पृ. ७९), "फूलको थुँगालाई मायालुको केसमा कुनै प्रेमीले सरक्क सिउरेझैं रत्तिभर पनि नदुख्ने गरी मेचमा बसाइदिए" (पृ. १०४), "उसको मुहारमा विजयको ध्वजा फर्फराइरहेको थियो" (पृ. ११४), यहाँ मान्छेहरूले रङ देखाएको हेर्न होली पर्खनु नै नपर्ने भो" (पृ. २११) । यी उदाहरणमा प्रयोग भएका एक्जामको रिजल्टलाई भारत र पाकिस्तानको क्रिकेट म्याचसँग तुलना गरेर लक्ष्यार्थ प्रकट गरेका छन् । यसैगरी घामको ढाड समात्नु भनेर व्यङ्ग्य प्रकट गरेका छन् । यसैगरी अन्य उदाहरणहरूमा फूललाई मेचमा बसाउनु, मुहारमा विजयको ध्वजा फर्फराउनु, मान्छेको रङलाई होलीसँग तुलना गरेर अर्थतात्त्विक विचलन गरेका छन् ।

**ध्वनि प्रक्रियात्मक विचलन**

यस उपन्यासमा प्रयोग भएका केही ध्वनि प्रक्रियात्मक विचलनका उदाहरणहरू, जस्तै : "उसलाई कलेजचाहिँ साख्खै आफ्नो लाग्थ्यो" (पृ. ११), "आफ्नो जतिसुकै नजिकको नातेदार होस् "बुढीकन्या" भइस् भनेर मुखेन्जी भन्दिन्थिन्" (पृ. १४१), "अब सदाको बिहा हुन गाह्रो हुन्छ" (पृ. १४३), "उनले त भने, ल्यापटप ल्याउनुभा'छ" (पृ. २९८) । यी

उदाहरणहरूमा प्रयोग भएका साँच्चैको स्थानमा साख्खै, मुखिन्जेलको स्थानमा मुखेन्जी, कठिन छको स्थानमा गाह्रो हुन्छ र ल्याउनु भएको छको सट्टामा ल्याउनुभा'छ बनाएर वर्णविन्यासको क्रमलाई नै उपन्यासकारले बिगारेका छन् ।

**लेख्य प्रतिक्रियात्मक विचलन**

शब्द लेख्ने क्रममा नै विचलन ल्याउनु अथवा लेख्य प्रक्रियाको व्यवस्थापनलाई बिगारेर लेखेको अवस्थालाई लेख्य प्रतिक्रियात्मक विचलन भनिन्छ । जस्तै : त$_{\text{ल}}$ $^{\text{मा}}$थि आ$_{\text{दि}}$ । तर यस्तो प्रकारको विचलन यस उपन्यासमा प्रयोग भएको पाइँदैन ।

**प्रयुक्ति विचलन**

*प्रिय सुफी* उपन्यासमा प्रयोग भएका केही प्रयुक्ति विचलनका उदाहरणहरूमा : “सदाको हृदय मरुभूमि हो, जहाँ प्रेमजस्तो हरियाली तत्त्वको लागि कुनै स्थान छैन” (पृ. ९), “सार्थकले फुलाएको उत्साहको बेलुन सदाको अस्वीकारको सियोले प्याट्ट फुट्यो” (पृ. २२ ), “दिउँसोको क्रुद्ध मन अबचाहिँ बुद्ध भयो” (पृ. १४०), “सिउँदोमा सिन्दुरले सानोतिनो रातो गल्ली नै बनाएको थियो” (पृ. १८५) । यी वाक्यहरूमा मरुभूमि र हरियाली दुबै भिन्न प्रकृतिको हुनु, उत्साहको बेलुन सियोले फुटनु, क्रुद्ध मन बुद्ध हुनु, सिउँदोमा सिन्दूरको गल्ली बन्नु सन्दर्भ र परिस्थिति अनुकूल नभएकाले प्रयुक्ति विचलन भएको छ ।

## समानान्तरता

समानान्तरतालाई मूलतः दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ जुन निम्नानुसार रहेका छन् :

**बाह्य समानान्तरता**

*प्रिय सुफी* उपन्यासमा प्रयोग गरिएका केही बाह्य समानान्तरताका उदाहरणहरूमा “सार्थकले अघि झिकेको फूर्ति काँचको रहेछ, प्याट्ट फुटी गयो” (पृ. ३८) । यस वाक्यमा क र फ वर्णको पुनरावृत्ति भएको छ । “कुनै पनि चिज थाप्ने हरेक मान्छेको अँजुलिको आकार फरक हुन्छ, जसको अँजुलि ठूलो हुन्छ र उसले धेरै पाउँछ” (पृ. ६०) । यस वाक्यमा क र छ वर्ण तथा अँजुलिको पुनरावृत्ति भएको छ । “केही आँखाहरूले आँखा तरेकै ठिक” (पृ. १६७), “कहिले रङ्ग उत्रिन्छ मान्छेको चरित्र देखिने गरी, कहिले रङ्ग उक्लिन्छ त्यही चरित्र छोप्ने गरी” (पृ. २११) । यसरी उपन्यासमा विभिन्न वर्ण तथा शब्दहरूको पुनरावृत्ति गरी बाह्य समानान्तरता सिर्जना गरिएको छ ।

**आन्तरिक समानान्तरता**

*प्रिय सुफी* उपन्यासमा प्रयोग गरिएका आन्तरिक समानान्तरताका केही उदाहरणहरूमा “वसन्तको पातजस्तो कलिलो र फक्रिएको गुलाफजस्तो हँसिलो अनुहार” (पृ. ६), उसले एउटा ढुङ्गा टिपेर प्रेम गरी र त्यसैलाई मूर्ति बनाई दिएकी थिई” (पृ. २१०), “छिप्पिदै गैरहेको रातमा उसको मस्तिष्कभरि विचारको लडाइँ चल्न थाल्यो” (पृ. २१५) । यी उदाहरणमा प्रयोग भएका वसन्तको पातजस्तो कलिलो र गुलाफजस्तो हँसिलोको भावार्थ उस्तै बनाएर प्रस्तुत गरिएको छ भने टुङ्गा टिपेर प्रेम गर्नु र त्यसैलाई मूर्ति बनाएर भाषिक सौन्दर्य प्रस्तुत गरी आन्तरिक समानान्तरता प्रस्तुत गरेका छन् ।

**सारांश**

यस अध्यायमा चयन, विचलन र समानान्तरताका आधारमा उपन्यासको वर्गीकरण गरिएको छ । चयनअन्तर्गत शब्द चयन, वाक्य चयन र चिह्न प्रयोगले भाषा सशक्त बनेकोछ । शब्द चयनअन्तर्गत तत्सम शब्द, तदभव शब्द, आगन्तुक शब्द, झर्रा तथा अनुकरणात्मक शब्द, नामपदको चयन, सर्वनामको चयन, विशेषणको चयन, क्रियापदको चयन, क्रियायोगी वा क्रियाविशेषणको चयन, नामयोगी शब्द चयन, निपातको चयन, संयोजक शब्द चयन, विस्मयादिबोधक शब्दको चयन, वाक्य चयनअन्तर्गत सरल वाक्य, संयुक्त वाक्य र मिश्र वाक्य, चिह्न प्रयोगअन्तर्गत प्रश्नवाचक चिह्न प्रयोग, योजक चिह्न प्रयोग र उद्गार चिह्न प्रयोग उपन्यासमा प्रयोग भएअनुरूप उदाहरणसहित व्याख्या विश्लेषण गरिएको छ । त्यस्तै उपन्यासमा प्रयोग भएका भाषिक विचलनअन्तर्गत व्याकरणिक, कोशीय, अर्थतात्त्विक, ध्वनि प्रक्रियात्मक, लेख्य प्रक्रियात्मक, प्रयुक्तिगत विचलनहरू उपन्यासमा प्रयोग भएबमोजिम उदाहरणसहित व्याख्या विश्लेषण गरिएको छ । त्यस्तै उपन्यासमा प्रयोग गरिएका समानान्तरताअन्तर्गत बाह्य र आन्तरिक समानान्तरतामा विभाजन गरी उपन्यासमा प्रयोग गरेअनुरूप उदाहरणसहित व्याख्या विश्लेषण गरिएको छ र अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय सात

# उपसंहार

## सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्याय अध्ययनको पृष्ठभूमिमा लेखकको सङ्क्षिप्त परिचय, उनका कृतिहरूको विवरण र शैलीको सामान्य परिचय गरिएको छ । यसैक्रममा समस्याकथनअन्तर्गत उपन्यासको कथानक संरचना, चयन, विचलन र समानान्तरताको प्रयोग केकसरी गरिएको छ भन्ने समस्याहरू, प्रस्तुत शोधपत्रको उपयोगिताअनुसार शोधको औचित्य र शोधले समेटेका कुराहरू सीमाङ्कन र अध्यायको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्याय सम्पन्न गरिएको छ ।

शोधपत्रको दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ, जसअन्तर्गत शोधको उद्देश्यअनुसारको कथानक, पात्रगत र भाषागत रूपमा निकालिएको निष्कर्षलाई प्रायोगिक पुनरावलोकनअन्तर्गत दसवटा शोध समीक्षाको आधारमा विश्लेषण गरिएको छ । सैद्धान्तिक पुनरावलोकनमा पाँचवटा पुस्तकलाई आधार बनाई शैलीविज्ञानको बारेमा विभिन्न लेखकहरूले भनेका कुरालाई व्याख्या विश्लेषण गरिएको छ । जसमा शैलीविज्ञानको परिचय र परिभाषा, पूर्वीय र पाश्चात्य परम्परा, शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध, शैलीविश्लेषण प्रक्रिया, भाषा शिक्षण, शैलीविज्ञानको सम्बन्धको बारेमा चर्चा गरिएको छ । त्यस्तैगरी शैलीवैज्ञानिक आधारमा कथानकको र पात्रको सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ ।

शोधपत्रको तेस्रो अध्यायमा शोधविधिका शीर्षकहरू राखिएका छन् । यस क्रममा अवधारणात्मक ढाँचाको चित्र, अनुसन्धान कार्य गर्दा अपनाइएको विधिको ढाँचाअन्तर्गत पुस्तकालयीय कार्यद्वारा गुणात्मक अध्ययन ढाँचाको प्रयोग, नमुना छनोट प्रक्रियामा सम्भाव्य नमुना छनोटको प्रयोग, सामग्री सङ्कलन गर्दा प्रयोग गर्ने सामग्रीहरूका स्रोतअन्तर्गत प्राथमिक स्रोतमा *प्रिय सुफी* उपन्यास र द्वितीयक स्रोतहरूमा पूर्वकार्यहरू, इमेल, इन्टरनेटको प्रयोग, त्यसैगरी तथ्याङ्क सङ्कलन गर्दा प्रयोग गरिएको साधनहरू पुस्तकालयीय अध्ययनबाट उल्लिखित साधनको प्रयोग गरी तथ्य सङ्कलन गरी प्रस्तुत गरिएको छ ।

शोधपत्रको चौथो अध्यायमा *प्रिय सुफी* उपन्यासको कथानक संरचनामा आधारित रहेर उपन्यासलाई विश्लेषण गरिएको छ । कथानकको आरम्भ भागमा उपन्यासको प्रमुख पात्र सदा, सार्थक, सुफी लगायतका अन्य पात्रहरूको परिचय र यी पात्रहरूले सामाना गर्नुपरेको समस्याहरूको पूर्वसङ्केत दिइएको छ । सङ्घर्ष विकासअन्तर्गत पात्रहरूको भोगाइ, सङ्घर्षह्रासअन्तर्गत प्रेम सम्बन्धमा आएको हलचल, सदाको शारीरिक अवस्था र भोगेको समस्याबाट सिकेको पाठका बारेमा वर्णन गरिएको छ । जीवनमा आएका सम्पूर्ण समस्यालाई सदाले सकारात्मकतातर्फ मोडेर उपन्यासको उपसंहार भएको मानिएको छ ।

अध्याय पाँचमा उपन्यासमा रहेका पात्रहरूको चरित्रअनुरूप वर्गीकरण तालिका प्रस्तुत गरिएको छ । त्यसै आधारमा पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको आधारमा विभाजन गरी पात्रहरू केकस्ता छन् भनी विश्लेषण गरिएको छ । प्रमुख पात्र सदा रहेकी छ भने, सार्थक, सुफी, भास्कर सहायक पात्रको रूपमा आएका छन् । सदाका साथी अदिति, भरोसा, नियति, सदाकी आमा, डा. शर्मा र अन्य डाक्टरहरू, छिमेकी पात्रहरूलाई गौण पात्रको भूमिकाका रूपमा चित्रण गरी पात्रहरूको चरित्रको निष्कर्ष निकालिएको छ ।

उपन्यासको छैठौँ अध्यायमा चयन, विचलन र समानान्तरताका आधारमा उपन्यासको वर्गीकरण गरिएको छ । चयनअन्तर्गत शब्द चयन, वाक्य चयन र चिह्न प्रयोगले भाषा सशक्त बनेको छ । त्यस्तै उपन्यासमा प्रयोग गरिएका समानान्तरताअन्तर्गत बाह्य र आन्तरिक समानान्तरतामा विभाजन गरी उपन्यासमा प्रयोग गरेअनुरूप उदाहरणसहित व्याख्या विश्लेषण गरिएको छ । समग्रमा भन्नुपर्दा चयन, विचलन र समानान्तरताको अध्ययन विश्लेषणको आधारमा प्रस्तुत उपन्यास *प्रिय सुफी* उत्कृष्ट बनेको छ ।

शोधको अन्तिम तथा सातौँ अध्यायमा समग्र शोधको परिच्छेदगत सारांश र निष्कर्ष प्रस्तुत गर्दै यस शोधकार्यको केकस्ता प्रयोजन रहेका छन् भनी नीतिगत तथा प्रायोगिक उपादेयता प्रस्तुत गरिएको छ । यसपश्चात् शोधकार्यमा प्रयोग गरिएका पुस्तक तथा शोधकार्यहरूको विवरणलाई सन्दर्भ सामग्रीसूचीमा प्रस्तुत गर्दै अन्त्यमा शोधार्थीको व्यक्तिवृत्त प्रस्तुत गरिएको छ ।

# निष्कर्ष

सुबिन भट्टराईद्वारा लिखित यस उपन्यासको कथानकलाई पूर्वदिप्ती शैलीका माध्यमबाट प्रस्तुत गरिएकाले उपन्यासको कथानक समान ढङ्गले अगाडि बढेको देखिँदैन । कथानक जसरी लेखिएको भए तापनि समग्रमा कथानकलाई आदि, मध्य र अन्त्यको क्रममा राख्न सकिन्छ । यो उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । सुबिन भट्टराईले नेपाली समाज र त्यसभित्र घटित सामाजिक घटनाहरूलाई सूक्ष्म रूपमा नियाली त्यसले समाजमा पार्ने प्रभावलाई प्रष्टसँग देखाएका छन् । यो युवा वर्गका बिचमा हुने प्रेम र परिवारभित्र भएका मनमुटावलाई कथानकको रूपमा बयान गरिएको उपन्यास हो । उपन्यासकारले युवा वर्गको प्रेम, उनीहरूमा धैर्यता नहुने, सामान्य कुरामा पनि अचानक निर्णय लिन पुग्ने, सुख र राम्रो परिस्थितिलाई मात्र अँगाल्ने प्रवृत्ति भएको पात्रको रूपमा सार्थकलाई प्रस्तुत गरेका छन् भने सदालाई प्रमुख पात्र, सहनशील र शक्तिशाली पात्रका रूपमा प्रस्तुत गरेका छन् । उपन्यासमा दुई पात्रबिचको प्रेमका साथै सदा र सुफीबिचको घृणालाई पनि एउटा सबल पक्षको रूपमा देखाएका छन् । त्यसैले यस उपन्यासमा तत्कालको समयलाई मात्र नहेरी भविष्यको समयलाई पनि अड्कल गर्नुपर्ने र सम्बन्धमा रहेपछि सुखदुःखको क्षणमा एकआपसमा साथ दिनुपर्ने भन्ने आशय रहेको छ ।

पात्रगत संरचनाका हिसाबले पनि *प्रिय सुफी* उपन्यास सबल देखिन्छ । यस उपन्यासमा धेरैथरीका पात्रहरूको चरित्र रहेको छ । उपन्यासमा युवा वर्गको प्रेम र परिवार, समाजको यथार्थतामा आधारित भएकाले यहाँ पात्र पनि सोहीअनुसार रहेका छन् । उपन्यासमा उपस्थित पात्रहरूलाई तिनीहरूको स्वभाव, प्रवृत्ति, लिङ्ग, कार्य, जीवनचेतना, आबद्धताका आधारमा विश्लेषण तथा वर्गीकरण गरिएको छ । यस उपन्यासमा उपस्थित पात्रहरूलाई हेर्दा पुरुष र स्त्री पात्रको उपस्थिति समान मात्रामा रहेको पाइन्छ । भूमिकाको रूपमा हेर्दा सदा प्रमुख पात्र हो भने सुफी, सार्थक, भाष्कर सहायक पात्रका रूपमा रहेका छन् । उपन्यासमा अन्य थुप्रै गौण पात्रहरू पनि रहेका छन् ।

प्रस्तुत उपन्यासमा भाषिक संरचनाका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरूको समुचित प्रयोग गरेको पाइन्छ भने नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी वा क्रियाविशेषण, निपात, विस्मयादिबोधक शब्दको प्रयोगले भाषा अझ सशक्त बन्न पुगेको छ । त्यस्तैगरी वाक्य चयनका सन्दर्भमा सरल, संयुक्त र मिश्र

वाक्य गठन भएको पाइन्छ । उपन्यासमा चिह्न प्रयोगको हिसाबले प्रश्नवाचक चिह्न, योजकचिह्न र पूर्णविराम चिह्नको समुचित प्रयोग भएको पाइन्छ ।

## उपादेयता

प्रस्तुत शोधपत्र नीतिगत तहमा विद्यालय, विद्यालयका शिक्षक, विद्यार्थी, शोधकर्ता आदिका लागि उपयोगी हुनेछ । शैलीवैज्ञानिक आधारमा*प्रिय सुफी* उपन्यासको अध्ययन हालसम्म कसैले नगरेको हुँदा यस उपन्यासको बारेमा जिज्ञासा राख्ने जोकोहीलाई पनि उपयोगी हुनेछ । यस अध्ययनको उपादेयतालाई नीतिगत तह र प्रयोगगत तह गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### नीतिगत तह

यस शोधकार्यको अध्ययनबाट कृतिका कृतिकार, समालोचक, पाठक पनि लाभान्वित हुनेछन् भने साहित्यिक समीक्षकहरूको लागि, सरोकारवाला सङ्घसंस्था लगायत यस विषयक्षेत्रमा काम गर्ने कर्मचारीको लागि, भाषिक अभिव्यक्ति तहको नीतिहरू निर्माण गर्न, शैलीवैज्ञानिक अध्ययनमा एउटा शोधसामग्रीको रूपमा उपयोगी हुनेछ । स्रष्टाले कस्तो भाषा प्रयोग गर्दा रचना अभिव्यक्ति शैलीका दृष्टिले उपयोगी हुन्छ भन्ने कुराको नीति बनाउन यो उपयोगी हुनेछ ।

### प्रयोगगत तह

यो शोधको अध्ययन भाषिक पक्षसँग सम्बन्धित भएकाले यसको प्रयोगगत उपयोगिता हुनेछ । कुनै पनि कृतिभित्र रहेका भाषिक अभिव्यक्ति पक्षहरू समानान्तरता, चयन र विचलनमा आधारित भएर विश्लेषण गर्न उपयोगी हुनेछ । शैलीविज्ञानको सैद्धान्तिक ज्ञानलाई फराकिलो बनाउन उपयोगी हुनेछ । प्रस्तुत शोधबाट स्थापित नवीन ज्ञान तथा शोधकर्ताहरूका लागि लाभदायी हुनेछ ।

# सन्दर्भ सामग्रीसूची


कोइराला, सुष्मा (२०७०), *अर्जुनदृष्टि लघुकथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, चितवन : बालकुमारी क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* (चौ.सं.), काठमाडौँ : शुभकामना प्रकाशन ।

नेपाली, सृजना (२०७४), *बन्धनबाट मुक्ति कथाको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

पौड्याल, कृष्णविलास (२०६९), *सृजना, शोधविधि र संस्कृत काव्यशास्त्र,* काठमाडौँ : अक्सफोर्ड बुक्स हाउस ।

पौडेल, पूजा (२०७४), *नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०७३), *नेपाली गद्य र नाटक* (चौ.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, सुबिन (२०७५), *प्रिय सुफी,* काठमाडौँ : फाइनप्रिन्ट प्रा.लि ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* (संशोधित संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल र अन्य (२०७४), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* (ते.सं.), काठमाडौँ : स्टुडेन्ट बुक्स ।

रम्तेल, लक्ष्मी (२०७५), *निर्वाण उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, ललितपुर : पाटन संयुक्त क्याम्पस ।

शर्मा, कुमारी, (२०७७), *खलंगामा हमला उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

शर्मा, मोहनराज (२०५९), *शैलीविज्ञान* (दो.सं.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, रीतादेवी, (२०७७), *मैदारो उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

श्रेष्ठ, धनमाया (२०६८), *सीताहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, चितवन : बालकुमारी कलेज ।

सापकोटा, कमलाकुमारी (२०७२), *प्रेम र मृत्युकथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, चितवन : बालकुमारी कलेज ।

सुनार, टिका (२०७७), *फेब्रुअरी १४ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

सुवेदी, पूजा (२०७७), *प्रेमदासको डायरी उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, चितवन : सप्तगण्डकी बहुमुखी क्याम्पस ।



# व्यक्तिवृत्त

| | |
|---|---|
| नाम | : किरण खत्री |
| जन्ममिति | : २०४७/११/२६ |
| जन्मस्थान | : माझठाना, पोखरा |
| बाबुको नाम | : सूर्य बहादुर खत्री |
| आमाको नाम | : माया खत्री |
| पतिको नाम | : मधुराम पोखेल |
| राष्ट्रियता | : नेपाली |
| लिङ्ग | : महिला |
| धर्म | : हिन्दु |
| वैवाहिक स्थिति | : विवाहित |
| भाषा | : नेपाली |
| रुचि | : अध्ययन, अध्यापन, भ्रमण र समाजसेवा |
| कार्य | : अध्यापन |
| स्थायी ठेगाना | : पोखरा, कास्की |
| सम्पर्क सङ्ख्या | : ९८४६५६२४४९ |

शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन | अध्ययनरत | |
| २ | स्नातक | पृथ्वीनारायण क्याम्पस, कास्की | २०७० | द्वितीय |
| ३ | दश जोड दुई | जनप्रकाश उ.मा.वि., कास्की | २०६६ | द्वितीय |
| ४ | प्रवेशिका | रत्नशोभा मा.वि., कास्की | २०६३ | द्वितीय |